**वैदेशिक रोजगारमा जाँदा सचेत रहौं**
- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔं ।
- आधिकारिक कागजात नहुँदा वैदेशिक रोजगारमा जाने कामदारहरूले:
  - करारबमोजिम काम र सुविधा नपाउने,
  - विदेशी भूमिमा पीडित बन्नुपर्ने,
  - कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
  - ज्यानसमेत गुमाउनुपर्नेलगायतका अवस्था आउन सक्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस २८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 January 12 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १३५

## राष्ट्रिय एकता दिवसको अवसरमा विभिन्न कार्यक्रम

प्रस, वीरगंज, २७ पुस/

पर्साका प्रमुख जिल्ला अधिकारी नन्दकिशोर गोयलको अध्यक्षतामा भएको कार्यक्रममा हिन्दु युवा सङ्घ नेपालका कोणसभामा केन्द्रीय अध्यक्ष जनकलाल साह, पर्सा अध्यक्ष सङ्गीतादेवी साह,



तस्वीर: सौजन्य

उमेशकुमार ढकालले राष्ट्रपिता पृथ्वीनारायण शाहप्रति सबैले सम्मान गर्नुपर्ने बताएका छन् ।

राष्ट्रिय एकता दिवस तथा पृथ्वीनारायण शाहको ३०१औं जन्मजयन्तीको अवसरमा राष्ट्रिय सरोकार मञ्च नेपाल नारायणीले बुधवार घण्टाघरमा आयोजना गरेको कार्यक्रममा उनले पृथ्वीनारायण शाहको योगदान र दिव्य उपदेश बिर्सन नहुने बताए ।

समाजसेवी पशुपति विक्रम शाहले छरिएर रहेका नेपाललाई



पृथ्वीनारायण शाहले एकसूत्रमा बाँधेकाले उनको योगदान बिर्सिन नसकिने बताए ।

नागरिक सङ्घर्ष समितिका उपाध्यक्ष हीराबहादुर चन्दले राष्ट्रिय अध्यक्ष राजेश सिंह, समाजसेवी उषा शाहलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा मञ्च नारायणीका केन्द्रीय संयोजक सोमविक्रम सिंह, जिल्ला प्रहरी कार्यालय, पर्साका प्रहरी उपरीक्षक कोमल विक्रम शाह, सशस्त्र प्रहरी बल १३ नं गणका सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेत, राष्ट्रिय अनुसन्धान कार्यालय, पर्साका ललित चौधरी, वडा प्रहरी कार्यालय, बिर्ताका प्रहरी निरीक्षक विशाल मल्ल, श्रीपुरका डिल्लीराम सापकोटालगायतले पृथ्वीनारायण शाहको तस्वीरमा माल्यार्पण गरेका थिए ।

कार्यक्रममा ५० जना महिला/पुरुषहरूलाई कम्बल वितरण गरिएको थियो । कार्यक्रममा स्वागत महेशचन्द्र गौतम र सहजीकरण वीरेन्द्र साहले उमाशङ्करप्रसाद कलवार, राजेन्द्र पाल, बजरङ्गी साह, पृथ्वी झा, राधाकृष्णप्रसाद चौहानलगायतले मन्तव्य राखेका थिए ।

यसैगरी, राप्रपा नेपालले पनि राष्ट्रिय एकता दिवसको अवसरमा वीरगंजमा र्‍याली प्रदर्शन गरी नगरपरिक्रमा गरेको थियो ।

### पृथ्वी जयन्तीको अवसरमा माल्यार्पण एवं कम्बल वितरण

बडामहाराजाधिराज पृथ्वीनारायण शाहको ३०१औं जयन्ती एवं राष्ट्रिय एकता दिवस वीरगंजमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

दिवसको अवसरमा राष्ट्रिय सरोकार मञ्च नेपाल, नारायणीले घण्टाघरमा माल्यार्पण कार्यक्रम गरेको थियो । कार्यक्रमको उद्घाटन पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले गरेका थिए । उनले बडामहाराजाधिराज पृथ्वीनारायण शाहको तस्वीरमा माल्यार्पण गर्दै राष्ट्रपिता भएको र उनको सम्मानमा सहभागी हुन पाउँदा खुशी लागेको बताए । उनले बडामहाराजाधिराजको दिव्योपदेश नेपालीहरूले बिर्सन नहुने जिकिर गरे । समाजसेवी पशुपति विक्रम शाहले राष्ट्र विखण्डनमा परेको अवस्थामा पनि देशका जनताले बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई कहिले बिर्सन नसक्ने बताए । नागरिक सङ्घर्ष समितिका उपाध्यक्ष हीराबहादुर चन्दले लामो समयपछि बडामहाराजाधिराज पृथ्वीनारायण शाहको जन्मजयन्तीमा सार्वजनिक बिदा दिइएकोमा खुशी व्यक्त गरे ।




तस्वीर: प्रतीक

एकता दिवसको अवसरमा सरकारले बिदा दिएकोमा धन्यवाद दिए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले राष्ट्रपिताप्रति सबैले सम्मान गर्नुपर्नेमा जोड दिए ।

मञ्च नारायणीका संयोजक गरेका थिए ।

यसैगरी, नेपाल राष्ट्रवाद सङ्घ, वीरगंजले राष्ट्रनायक पृथ्वीनारायण शाहको ३०१औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा वीरगंजमा र्‍याली प्रदर्शन गरेको छ । नगर परिक्रमापछि घण्टाघरमा आयोजित

वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवालले राष्ट्रपिता पृथ्वीनारायण शाहको सम्मान गर्नुपर्ने बताए । उनले नेपालको एकीकरणमा उनको योगदानलाई बिर्सन नसक्ने बताए । राष्ट्रिय सरोकार मञ्च

(बाँकी अन्तिम पातामा)

## ठोरी-२ वडा कार्यालयमा तोडफोड

प्रस, ठोरी, २७ पुस/

ठोरी गापा-२ को वडा कार्यालयमा गएराति तोडफोड भएको छ । राति करीब ९ बजे सरस्वती मावि, ठोरीका विद्यार्थीहरूको समूहले कार्यालयमा तोडफोड गरेको हो ।

ठोरी गापाको आयोजनामा सम्पन्न प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको निर्णयलाई सरस्वती मावि, ठोरीले बहिष्कार गरेको थियो । निर्णय बहिष्कार गरेर घर जाँदै गरेको विद्यार्थीहरूको समूहले कार्यालयमा प्रवेश गरी कुर्सी, सोफालगायत फर्निचर सामग्रीमा क्षति पुर्‍याएको वडाध्यक्ष अमृतकृष्ण सापकोटाले जानकारी दिए । विद्यार्थीले कार्यालयको गेटको ताल्चा फोड्न खोजेको भएपनि नसकेपछि गेट माथिबाट कार्यालय परिसरमा प्रवेश गरी फर्निचर सामग्री तोडफोड गरेको वडाध्यक्ष सापकोटाले बताए ।

तोडफोडबाट कार्यालयका तीनवटा कुर्सी र सोफामा क्षति पुगेको छ ।

घटना सम्बन्धमा आज बिहान अनौपचारिक छलफलसमेत भएको थियो ।

सो छलफलमा सरस्वती माविका प्रधानाध्यापक केशवप्रसाद रेग्मीले घटनाको नैतिक जिम्मेवारी लिएको वडाध्यक्ष सापकोटाले जानकारी दिए ।

बितेको पुस २४ देखि २६ गतेसम्म सम्पन्न प्रथम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सरस्वती मावि, ठोरीले सर्वाधिक १३ स्वर्ण पदक जितेको थियो । तर निर्णायकले पदकको अङ्का आधारमा निर्णय गर्दा सरस्वती मावि, ठोरी दोस्रो र ज्ञानज्योति मावि, प्रथम भएको थियो । सोही निर्णयमा आपत्ति जनाउँदै सो विद्यालयले पुरस्कार बहिष्कार गरेको थियो । पुरस्कार बहिष्कार गरेर घर फर्कने क्रममा विद्यार्थीहरूले ठोरी गापाध्यक्ष लालबहादुर श्रेष्ठलगायतका विरुद्धमा नाराबाजी पनि गरेका थिए ।

स्वर्ण पदकका आधारमा विद्यालयलाई प्रथम र दोस्रो घोषणा गर्नुपर्ने विद्यार्थीहरूको माग छ ।

## श्रीसिया नदी प्रदूषणमुक्त गर्न रक्सौल नगरपरिषद्द्वारा वीमनपालाई ज्ञापन

प्रस, वीरगंज, २७ पुस/

रक्सौल नगरपरिषद्ले श्रीसिया नदी प्रदूषणमुक्त गर्न माग गर्दै वीरगंज महानगरका प्रमुख राजेशमान सिंहलाई ज्ञापन बुझाएको छ ।



वीरगंज महानगरका प्रमुख राजेशमान सिंहलाई ज्ञापन बुझाउँदै रक्सौल नगरपरिषद्का स्वच्छ सर्वेक्षण अभियन्ता डा स्वयम्भू शलभ । तस्वीर: प्रतीक

ज्ञापनपत्रमा श्रीसिया नदी प्रदूषणले पर्यावरण र जनजीवनमा खतरा बढाएको भन्दै सोविरुद्ध कदम चाल्न आग्रह गरिएको छ । रक्सौल नगरपरिषद्का स्वच्छ सर्वेक्षण अभियन्ता डा स्वयम्भू शलभले ज्ञापन बुझाउँदै श्रीसिया नदी प्रदूषणले नेपाल-भारतको सीमावर्ती क्षेत्रको पानी दूषित गरेको र यसको जोखिमबाट मुक्त गर्नुपर्ने सुझाव दिएका थिए । वीरगंजका उद्योगहरूबाट निस्कने रासायनिक पदार्थ नदीमा फालिने गरिएकाले प्रदूषित भएको र यसलाई नियन्त्रण नगर्दा भारतीय सीमावर्ती क्षेत्रका जनताले पनि त्यसको सास्ती भोग्नुपरेको उनले बताए । ज्ञापनपत्रमा श्रीसिया नदीको प्रदूषणले गङ्गा नदीलाई पनि प्रदूषित गरिरहेको भन्दै यसको निराकरण गर्न आग्रह गरिएको थियो ।

श्रीसिया नदीलाई प्रदूषणमुक्त गराउन रक्सौल नगरपरिषद् वीरगंज महानगरसँग हातेमालो गर्न तयार रहेको भन्दै श्रीसिया नदी प्रदूषणमुक्त बनाउने अभियान कडाइका साथ सञ्चालन गर्न सुझाइएको छ ।

## विश्व हिन्दू परिषद्को शुभचिन्तक अभियान

प्रस, वीरगंज, २७ पुस/

विश्व हिन्दू परिषद् नेपालले पुस २३ गतेदेखि शुभचिन्तक अभियान शुरू गरेको जनाएको छ ।

'सबै हिन्दू सहोदर भाइ हौं, एक ढिक्का भएर अगाडि बढौं' नाराका साथ परिषद्ले अभियान शुरू गरेको बृजेश मल्लिकले जानकारी गराए । उनले सबै सनातनी परिवारलाई शुभचिन्तक अभियानमा संलग्न हुन आग्रह गरेका छन् ।

## ज्येष्ठ नागरिकका लागि सहजकर्ता तालीम

प्रस, वीरगंज, २७ पुस/

राष्ट्रिय ज्येष्ठ नागरिक महासङ्घको




आयोजनामा लालबन्दी नगरपालिकामा वृद्ध व्यवस्थापनको लागि ज्येष्ठ नागरिक तीन दिने सहजकर्ता तालीम शुरू भएको छ ।

लालबन्दी नगरपालिकाका प्रमुख वासुदेव अधिकारीले बुधवार तालीमको उद्घाटन गरेका थिए । उनले ज्येष्ठ नागरिकलाई आफ्नो नगरपालिकामा स्वागत गर्न पाउँदा खुशी लागेको बताए । उनले ज्येष्ठ नागरिकको हकअधिकारको लागि आफ्नोतर्फबाट हुन सक्ने सबैखाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले ज्येष्ठ नागरिकबाट ज्ञानगुनका कुरा पाउने र आफूले जिल्लामा स्वागत गर्दा खुशी लागेको बताए । उनले ज्येष्ठ नागरिकको सवालमा आफ्नोतर्फबाट हुने सबैखाले सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे ।

राष्ट्रिय ज्येष्ठ नागरिक सङ्घका अध्यक्ष क्षत्र प्रधानको अध्यक्षतामा भएको कार्यक्रममा डा प्रेम आलेले ज्येष्ठ नागरिकको वर्तमान अवस्थाबारे प्रतिवेदन पेश गरेका थिए ।

यसैगरी, उपाध्यक्ष शारदा चन्दले एकल परिवार, एकल पुरुष, अन्तर शहरीकरण, ज्येष्ठ नागरिकको प्रतिकूल-अनुकूल अवस्थाबारेमा चर्चा गरेका थिए ।

### विचारसार एवं सूक्तिहरू

**धनी किसान, पदोन्नत श्रमिक र पुरस्कृत कलाकारको सौभाग्यलाई मात्र होइन, उसको विगतलाई पनि हेर, यसका लागि उनीहरूले कति कठोर साधना गर्नुपरेको थियो ।**

| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# ठोरीको पीडा

**पर्साका १४ वटा पालिकामध्ये जिल्ला सदरमुकाम वीरगंजबाट सबैभन्दा टाढा ठोरी गाउँपालिका पर्छ । जिल्ला सदरमुकाम यसै पनि अपायक र जिल्लाको एक छेउमा छ । सदरमुकाम वीरगंज जिल्लाको पूर्वी किनारा अर्थात् बारा जिल्लासँग सीमा जोडिएको छ भने ठोरी गापा जिल्लाको पश्चिमी किनारा अर्थात् चितवन जिल्लासँग सीमा जोडिएको छ। ठोरीको वडा नं १ बाट वीरगंजको दूरी ७० किलोमिटरभन्दा बढी पर्छ । ठोरीलगायत तीनवटा गाउँपालिकाका बासिन्दाको लागि केही वर्षदेखि सुपौली उपसेवाकेन्द्रबाट नागरिकता प्रदान गर्दै आएको थियो। ठोरी–१ बाट सुपौली करीब ४० किलोमिटर टाढा पर्छ । सदरमुकामस्थित जिल्ला प्रशासन कार्यालयबाट अधिकृत तथा कर्मचारी खटाएर हप्तामा एक दिन सञ्चालन गर्दै आएको उक्त उपसेवा केन्द्रभन्दा आफूहरूको लागि सदरमुकामस्थित जिल्ला प्रशासन कार्यालय नै उपयुक्त हुने सो गाउँपालिकाका अध्यक्षले एक सार्वजनिक कार्यक्रममा बताए। पालिका अध्यक्षले प्रमुख जिल्ला अधिकारीसमक्ष आफूहरूको लागि नागरिकता बनाउन टाढा भएपनि वीरगंज नै कायम गरिदिन आग्रह गरे ।**

**झट्ट सुन्दा पालिका अध्यक्ष नागरिकलाई दुःख दिन खोज्ने प्रवृत्तिका छन् कि भन्ने शङ्का उठ्छ। तर वास्तविकता फरक छ । हप्तामा एक दिन खुल्ने सुपौली उपसेवा केन्द्रमा पालिकागतरूपमा पालो गर्दा एक महीनामा एक दिन एउटा पालिकाको पालो आउँछ। पालो नपर्दा पनि तीनवटा पालिकाका सेवाग्राहीहरूको भीडका कारण एक दिनमा सबैको काम हुने अवस्था छैन । अर्को दिन पर्खनका लागि एक हप्ता कुर्नुपर्ने हुन्छ । एक दिन निवेदन बुझाउने, अर्को दिन निवेदन उपर सोधपूछ हुने, प्रमाण बुझ्ने, थप प्रमाण माग्ने र कारबाई किनारा गर्ने । एउटा प्रक्रियाका लागि एक दिन बित्दै जाँदा सर्वसाधारण नागरिकले नागरिकता लिन दुई महीनाभन्दा बढी समय लागेको पाइयो। यो अवस्थामा नागरिकता बनाएर तत्काल अन्य कामको प्रक्रिया शुरू गर्नुपर्नेहरूका लागि नागरिकताकै कारण अवसर गुमाउनुपरेको छ । गाउँभन्दा बाहिर अध्ययन गर्नेहरूका लागि नागरिकता बन्न असम्भव जस्तै भइसक्यो । त्यसैगरी, अर्काको काम गर्नुपर्ने, ज्याला मजदूरी गरेर खानेहरूका लागि यति धेरै समय पाइँदैन । उपसेवा केन्द्रबाट सेवा लिंदा समयका साथै आर्थिक क्षति पनि भोग्नुपरेको सेवाग्राहीको गुनासो छ ।**

**सुपौली उपसेवा केन्द्र सार्वजनिक यातायातको रूटभन्दा केही फरक स्थानमा रहेको कारण समयमा सवारी नपाउने, रिजर्भ गर्दा महँगो पर्ने र सेवाग्राही सबैसँग निजी सवारी नहुने यथार्थ हो । उपल्लो तहका प्रशासक, सञ्चार एवं अनुगमनकारी निकायको आँखा नपर्ने स्थानमा सेवाग्राही ठगिइरहेका हुन्छन् । 'के ... को देशमा के तन्नेरी' भनेझैं गाउँले सेवाग्राहीको बीचमा जिल्ला प्रशासनबाट जाने तल्लै ओहोदाका कर्मचारी पनि अपवादबाहेक आफूलाई प्रजिअकै रूपमा प्रस्तुत गर्छन् । कर्मचारीहरूबाट जनमैत्री व्यवहार नभएको, स्पष्ट प्रमाण बोलिरहेको अवस्थामा पनि सर्जमिन बुझ्न लेखी पठाउने, तत्कालै बन्न सक्ने कामलाई अर्कोपटक [redacted] लेखिने वा बोलिने क्रममा भएका [redacted] बनाएर प्रक्रिया जटिल [redacted] भोग्नुपरिरहेको ठोरीका [redacted] राखेका हुन् । यो ठोरीको [redacted] भन्दा यथार्थ बुझ्न र त्यसलाई [redacted] दायित्व हो ।**

# अब देशोत्थानमा देखियोस् एकता

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**अहिलेको आवश्यकता भनेको अनेक विचारमा एकता, अनेक मतभेदमा सामञ्जस्यता, अनेक विवादलाई व्यवस्थापन गर्दै यस देशको विकासको लागि, देशमा शान्तिको लागि, देशको आर्थिक उन्नतिको लागि तथा समग्र विश्वमा देशको शान्तिपूर्ण छविलाई अझ विकासपूर्ण छविमा परिवर्तन गर्नु रहेको छ ।**

अहिलेको प्रतिनिधिसभा निकै फरक भएको छ । सरकारलाई समर्थन गर्ने दृष्टिकोणले भव्य भएको छ । सामान्य नरनारीले कल्पना गर्नेभन्दा बढी समर्थन वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पाउनुभएको छ । प्रधानमन्त्री प्रचण्डलाई विश्वास दिने वा प्रधानमन्त्री प्रचण्डले विश्वास लिने दिन प्रतिनिधिसभामा उपस्थित सम्पूर्ण सदस्यमध्ये दुईजनाले मात्र विश्वासको मत नदिनु र बाँकी सबैले आफ्नो विश्वास प्रधानमन्त्री प्रचण्डमाथि रहेको दर्शाउनुले यो सङ्केत गरेको छ कि प्रचण्ड देशका करीब सबै दलको मात्र नभई सम्पूर्ण नागरिकको साझा प्रधानमन्त्री बन्नुभएको छ। प्रधानमन्त्री प्रचण्डको मन्त्रिपरिषद्मा कुन दल वा कुन कुन दलले मन्त्री पद पाउँला भन्ने महत्त्वपूर्ण पक्ष अहिले रहेन। प्रधानमन्त्रीमाथि विश्वासको मत दिंदा यस दृष्टिकोणले प्रतिनिधिसभा करीब–करीब प्रतिपक्षीविहीनको अवस्था बन्न पुगेको छ । प्रधानमन्त्रीमाथि अपार विश्वासको अवस्था रहेको छ । निकै लामो कालखण्ड बितेपछि एउटा युगमा प्रधानमन्त्री प्रचण्डमाथि यतिको प्रचण्ड विश्वास देखिएको हो ।

राजनीतिको क्षेत्रमा कहिलेकाहीं भन्ने गरिन्छ, बरु वर्षाको विश्वास हुन्छ तर राजनीतिको विश्वास हुँदैन । केही दिन पहिलेसम्म प्रधानमन्त्री प्रचण्डले विश्वासको मत पाउनुहोला भन्नेमा शङ्का व्यक्त गरिरहेको बेला यसरी पहिले आशङ्का व्यक्त गर्नेहरूले अहिले भन्दा हुन् नपत्याउने खोलाले बगाउँछ। प्रधानमन्त्री प्रचण्डलाई दिइएको विश्वासको धरातल राजनीतिक दृष्टिकोणले फरक होला तर आर्थिक क्षेत्रले भने स्वागत गरेकै छ । प्रधानमन्त्रीमा नियुक्त भएकै दिनदेखि यस देशको आर्थिक अवस्थामा केही सुधारको लक्षण कुन रूपमा देखिएको थियो भने नेप्से परिसूचकमा सुधार हुँदै गएको थियो। सर्वसाधारणमा अलिकति प्रचण्ड सरकारप्रति यस कारण पनि विश्वास लागेको हो कि कठिन समयमा राम्रो काम गर्न सक्ने आँट भएका नेता हुनुहुन्छ प्रचण्ड । भूमिगत बस्नुभएको, जनयुद्ध गर्नुभएको तथा देशलाई गणतन्त्र दिनुभएको नेताले देशलाई अहिलेको अवस्थामा शान्ति दिनुहोला र अर्थतन्त्रमा सुधार गर्नुहोला भन्ने विश्वास हुनुलाई स्वाभाविक मान्नुपर्दछ । त्यसै पनि वामपन्थीहरू आफूलाई निरन्तर आशावादी भन्छन् । आशावादीसित सकारात्मक आशा राख्नुलाई पनि राम्रो वा स्वाभाविक मान्न सकिन्छ ।

अहिलेको राजनीतिक अवस्था पनि निकै तरल थियो। के होला भन्न नसकिने अवस्था थियो। देशको अर्थतन्त्र कमजोर थियो र अहिले प्रधानमन्त्री बन्नुभएको प्रचण्डलाई विश्वासको मत नदिए देशमा राजनीतिक अस्थिरता आउने अनुमान गरिंदै थियो भने देश कतै फेरि मध्यावधि चुनावतिर धकेलिएला कि भन्ने अड्कल गरिंदै थियो। यदि संसद् विघटनतिरको कुनै कदम अगाडि बढेको भए देशको आर्थिक हालत कस्तो हुन्थ्यो भन्ने कुनै निश्चित थिएन । त्यसै पनि समयको दृष्टिकोणले एक वर्षभित्र र आर्थिक वर्षको दृष्टिकोणले दुई आर्थिक वर्षमा देशले दुई चुनाव गरिसकेको छ । दुई चुनावका साथै लगातारको दुई वर्षको कोरोनाको कारणले देशको अर्थतन्त्रमा व्यापक मात्रामा प्रभाव परेको छ। देशको अर्थतन्त्र कमजोर भएको तथा अपेक्षित आर्थिक वृद्धिदर हासिल हुन नसकिरहेको अवस्थामा देशमा बलियो सरकारको आवश्यकता थियो नै। बलियो सरकारको आवश्यकतालाई वर्तमान संसद्ले पूरा गरिदिएको छ । नेपालको इतिहासमा प्रतिनिधिसभा सदस्यको समर्थन तथा प्रतिनिधिसभामा उपस्थित दलहरूको समर्थन दुवै दृष्टिकोणले अपार समर्थन प्राप्त प्रचण्ड सरकार निकै बलियो सरकार बन्न पुगेको छ । यति धेरै शक्तिशाली सरकारको नेतृत्व गर्ने प्रचण्डलाई सबैतिरबाट बधाई त प्राप्त भइरहेकै छ नै निकै चुनौती रहेको पनि सबैतिरबाट आइरहेको छ ।

देशमा वैचारिक र सशस्त्र द्वन्द्व दुवै लड्नुभएका प्रधानमन्त्री प्रचण्डमाथि राजनीतिक दलको विश्वास देखिएको छ। अहिले राजनीतिक वृत्तमा के पनि परिचर्चा भइरहेको छ भने प्रधानमन्त्री प्रचण्डसित वैचारिक विमति राख्ने तथा वैचारिक विपर्यय भएका दलहरूले पनि समर्थन गरेका छन् । समर्थनको दृष्टिकोणले त यो सफलता नै हो तर अब विचार तथा व्यवहारमा सामञ्जस्यता मिलाइराख्नु चुनौतीको रूपमा रहने अनुमान गरिएको छ। पृथक विचारकाले समर्थन पाउनु राजनीतिक दृष्टिकोणले विरोधीको विचारमाथि विजय पाउनु पनि हो वा विरोधीले आफ्नो विचारलाई मान्न तयार हुनु पनि हो तर वर्तमान परिवेशमा विभिन्न किसिमका सम्झौताहरू भएर सरकारको गठन भएको र प्रचण्डमाथि विश्वास भएको देखिएको छ। यहींनिर प्रधानमन्त्री प्रचण्डले अझ बढी सुझबुझ देखाउनु हुनेछ र पृथक विचारका दलहरूलाई पनि साथमा लिएर हिंड्नुहुनेछ भन्ने आशा गरिन थालिएको छ। प्रचण्डप्रति नेपाली नागरिकले अहिले प्रचण्ड आशाको दृष्टिले हेर्नुको पछाडि पनि यही कारण रहेको छ कि अहिलेको अवस्थामा कसरी हुन्छ देशमा विकास चाहिएको छ । देशमा आर्थिक समृद्धि चाहिएको छ र आर्थिक समृद्धिको लागि प्रचण्डलाई आशाको नजरले हेर्नु स्वाभाविक हो । यसभन्दा पहिले चुनाव भएर करीब दुई तिहाइ बहुमतसहित केपीशर्मा ओली प्रधानमन्त्री बन्नुभएको थियो तर कोरोना र आन्तरिक कलहले देशमा अपेक्षित काम गर्न सक्नुभएन । त्यसपछि शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुभयो तर दुई चुनाव गराउनुभयो । यसरी ओली र देउवाले पाँच वर्षमा सरकारको नेतृत्व गरिसक्नुभएको छ र अबको आशा भने प्रचण्ड नै हुनुहुन्छ। प्रचण्डप्रतिको आशा निराशामा बदलिनुहुँदैन किनभने अहिले आशा गर्नुको विकल्प छैन । प्रधानमन्त्री प्रचण्डलाई देशका सबै दल तथा सम्पूर्ण नागरिकले एकसाथ विश्वास गरेका छन्।

अब राजनीतिक खिंचातानीलाई विश्राम दिएर देशको उत्थानमा एकता प्रदर्शन गर्ने समय आइसकेको छ । अहिलेको माग भनेको यस देशको विकास हो । हामीले राम्ररी हेर्‍यौं भने छिमेकी देशहरू भारत र चीन हामीभन्दा निकै अगाडि गइसके। यी दुई छिमेकी देशबाट हामी निकै पछि परिसकेका छौं । अर्को छिमेकी देश भुटान पनि हामीभन्दा अगाडि बढिसकेको छ। अहिले कतिपयले हाम्रो देशको हालत श्रीलङ्कासित हुने अनुमान गर्न थालेका छन् । यतिका अनुभवी नेताहरू हुनुहुन्छ । यति धेरै सङ्घर्ष र त्याग गरेर देशको उच्चासनमा पुग्ने प्रधानमन्त्री प्रचण्ड हुनुहुन्छ। भर्खरै भएको चुनावमा मतदाताले जसलाई मत दिए पनि दललाई दिएका छन् र अहिले सबै दल एक भएका छन् । अहिले प्रधानमन्त्री प्रचण्डलाई सबै दलले समर्थन गर्दा सम्पूर्ण नागरिक एक भएको अनुभव भइरहेको छ। यो संयोग नै मान्नुपर्दछ कि पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा देशका सम्पूर्ण दल प्रचण्ड सरकारको मामिलामा समर्थन दिंदा एकीकृत भएका छन् । राष्ट्रिय एकता दिवसले दिने सन्देशलाई एक हदसम्म लागू गरेका छन् । एकताबद्ध भएका छन्। एक दृष्टिकोणले हेर्ने हो भने यस देशको सर्वोच्च निकाय प्रतिनिधिसभामा प्रतिपक्षी नै छैन ।

अब प्रतिपक्षीविहीन अवस्थाको प्रतिनिधिसभाको वैचारिक विविधतालाई पनि हेर्न सकिन्छ । यही वैचारिक विविधताबाट अब फेरि पनि देशोत्थानको यस्तो सूत्रको खोजी गर्नु छ, जसबाट देशोत्थानमा एकता प्रदर्शन गर्न सकियोस्। प्रतिनिधिसभालाई देशका लागि आवश्यक ऐन कानून निर्माण र राष्ट्रिय मुद्दाहरूमा बहसको सार्थक थलो बनाइयोस्। विमति, अन्तर्सङ्घर्ष तथा मतभेदहरू सभामा नै खुलेर आऊन् र सार्थक मन्थनले फेरि पनि एउटा निष्कर्षमा पुगेर देशको हितमा एक भएको सबैले देख्न र सुन्न पाऊन्। अहिलेको आवश्यकता भनेको अनेक विचारमा एकता, अनेक मतभेदमा सामञ्जस्यता, अनेक विवादलाई व्यवस्थापन गर्दै यस देशको विकासको लागि, देशमा शान्तिको लागि, देशको आर्थिक उन्नतिको लागि तथा समग्र विश्वमा देशको शान्तिपूर्ण छविलाई अझ विकासपूर्ण छविमा परिवर्तन गर्नु रहेको छ । यसको लागि आशाको आधार प्रतिनिधिसभा भएको छ। यही आधारमा देशोत्थानको बाटोमा अगाडि बढ्ने प्रेरणा निरन्तर प्राप्त भइरहोस् ।

# नारायणीमा डल्फिन भेटिएपछि संरक्षणकर्मी उत्साहित

नवलपुर, २७ पुस/रासस

नवलपरासी (बर्दघाट–सुस्तापूर्व) र चितवन हुँदै बग्ने नारायणी नदीमा पटक–पटक डल्फिन देखिन थालेका छन् । डल्फिन देखिन थालेपछि यस क्षेत्रका संरक्षणकर्मी उत्साही बनेका छन् ।

"पछिल्लो एक महीनाको अवधिमा तीनपटक डल्फिन देखियो," संरक्षणकर्मी टेक महतोले भने, "यसले हामीलाई निकै हौसला दिएको छ।" महतोले गत मङ्सिर १४ गते, पुस १३ गते र पुस २६ गते नवलपुरको अमलटारीघाटमा डल्फिन देखेको बताए ।

नारायणी नदीमा डल्फिन छ भनेर हाम्रा बाबुबाजेले भनेको सुन्ने गरेका थियौं," उनले भने, "अहिले आफ्नै आँखाले डल्फिन देख्न र फोटो खिच्न पाउँदा निकै खुशी लागेको छ।" उनले अमलटारीघाटमा मात्रै नभएर कहिले केही तल सेहरी त कहिले पितौजीघाटसम्म देखिने गरेको जानकारीमा आएको बताए।

"कहिले अमलटारीबाट दक्षिणमा रहेको मध्यबिन्दु नगरपालिकाको ननदपुर तथा सेहरीमा डल्फिन देखिएको सुन्छु, कहिले उत्तरतर्फ गैंडाकोट नगरपालिकाको पितौजीघाटमा डल्फिन देखिएको खबर आउँछ," महतोले भने, "यी सबै ठाउँमा देखिएका डल्फिन एउटै हुन् वा फरक हुन् भन्नेबारे भने अध्ययन हुन सकेको छैन ।" सन् २०१८ मा नारायणीमा डल्फिन देखिएपछि गत वर्ष मात्रै चरा गणनाको बेलामा महतोले नै भेलौजी पोस्टनजीक डल्फिन भेटेर फोटो खिचेको स्मरण गरे ।



तस्वीर: सौजन्य

"सन् २०१८ मा डल्फिन भेटिएको सुनेको थिएँ, त्यसपछि शायद डल्फिन देखिएको थिएन," उनले भने, "गत वर्ष चरा गणनाका बेलामा मैले भेलौजी पोस्टनजीक दुईवटा डल्फिन देखेको थिएँ।" यसपछि भने आफूहरूले धेरैपटक डल्फिन देखेको महतोको भनाइ छ । "हाम्रो नारायणीमा डल्फिन देखिनु गौरवको कुरा हो," उनले भने, "डल्फिनलाई नजीकबाट देख्न पाउँदा निकै आनन्द आउँछ।"

अमलटारीघाटमा पटक–पटक डल्फिन देखिंदा पनि यसको स्थानीय प्रशासनले संरक्षणमा चासो नदेखाएको महतोले गुनासो गरे। "डल्फिन निरन्तर देखिएको यो क्षेत्रमा माछा मार्ने तथा अन्य गतिविधि हुने गरेको छ," महतोले भने, "तर स्थानीय प्रशासनको संरक्षणमा चासो देखिएन।" माछा मार्न बोटेहरूले तियारी जालको प्रयोग गर्दा संरक्षणमा नै चुनौती थपिनसक्ने महतोको भनाइ छ।

"घडियाल गोहीको मुखमा तियारी जाल अल्झिएको देखेर मैले फोटोसमेत खिचेको छु," उनले भने, "सङ्कटापन्न जीवजन्तुको संरक्षणमा सबैको हातेमालो आवश्यक छ।" एकान्त तथा धेरै हल्ला नहुने क्षेत्रमा डल्फिन भेटिने गरेको भएपनि यस क्षेत्रमा मानवीय क्रियाकलाप बढी हुने उल्लेख गर्दै महतोले यसबारे प्रशासनले कडाइ गर्नुपर्ने बताए ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले नारायणी नदीमा डल्फिन भेटिनु भनेको संरक्षणमा सकारात्मक कुरा भएको बताए । "यो सकारात्मक कुरा हो, हामीले नदीमा मान्छेको मुभमेन्ट कम गर्न सेना तथा निकुञ्ज प्रशासनको गस्ती बढाएका छौं," उनले भने, "नदीमा आश्रित समुदायलाई माछा मार्न दिइएको भएपनि तियारी जाल प्रतिबन्ध गरेका छौं।" नदीमा तियारी जाल प्रयोग गरेर लुकीछिपी माछा मार्ने व्यक्तिलाई निकुञ्जले निकुञ्ज ऐन अनुसार कारबाई गर्ने गरेको तिवारीले

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# मधेस प्रदेश: जसपा नेता यादव मुख्यमन्त्री नियुक्त

जनकपुरधाम, २७ पुस/रासस

जनता समाजवादी पार्टी (जसपा) मधेस प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्री नियुक्त भएका छन् । प्रदेश प्रमुख हरिशङ्कर मिश्रले नेपालको संविधानको धारा १६८ (२) बमोजिम यादवलाई आज मुख्यमन्त्री नियुक्त गरेका हुन् । सत्ता गठबन्धन दल र दुई स्वतन्त्र सांसद गरी ६३ जनाको समर्थनमा यादवले आज नै मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए । नेता यादवलाई नेकपा एमाले (२३), जसपा (१६), जनमत पार्टी (१३), माओवादी केन्द्र (आठ), राप्रपा र नागरिक उन्मुक्ति पार्टी (एक/एक)सहित दुईजना स्वतन्त्र सांसदको समर्थन रहेको छ ।




समर्थन गर्ने स्वतन्त्र सांसदहरूमा सुरिताकुमारी साह र अनिरुद्रकुमार सिंह रहेका छन् । मधेस प्रदेशसभामा छजना स्वतन्त्र रहेका छन् । सरकार गठनको दाबी पेश गर्न बिहीवार दिउँसो ४ बजेसम्मको समयसीमा भएपनि प्रदेश प्रमुख मिश्रले यादवलाई आजै मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

# नारायणगढ-मुग्लिन सडक खण्ड : भित्तो काट्ने काम सकिएन

चितवन, २७ पुस/रासस

पुल निर्माणका लागि भित्तो काट्नुपर्ने भएकाले दिउँसोको समयमा चार घण्टा




बन्द गरिँदै आएको नारायणगढ–मुग्लिन सडकखण्डको काम नसकिएपछि समय थप गर्नुपर्ने देखिएको छ । यही पुस ५ गतेदेखि ३० दिनका लागि बिहान ११ देखि अपराह्न ३ बजेसम्म सडक रोकेर काम गरिँदै आएको छ ।

सो आयोजना हेर्दै आएको नागढुङ्गा–मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ–मुग्लिन)का सूचना अधिकारी कृष्ण आचार्यका अनुसार सवारी रोकेर काम गर्दा प्रभावकारी भएको छ । निर्माणाधीन पाँच पुलमध्ये तीनको भित्तो काट्ने काम सकिएको छ । अन्य दुईवटाको काम नसकिएपछि ठेकेदार कम्पनीले थप २१ दिनको समय माग गरेको छ । यसअघि भएको निर्णय अनुसार माघ ४ गते ३० दिन पुग्छ । पुसको ३० र माघको १ गते माघेसङ्क्रान्तिका कारण सवारी नरोकिने भएको छ । यो समयलाई थप गर्दा माघ ६ गतेसम्म सवारी बन्द हुनेछ ।

सूचना अधिकारी आचार्यका अनुसार ठेकेदार कम्पनीले माग गरेको समय दिएमा माघभरि नै सवारी आवागमन रोकिनेछ । उनका अनुसार सिमलताल, कालीखोला र नाम्ची खोलाको पुलको काम सकिएको हो । चिसेन्जी र तुइन खोलाको पुलको भित्तो काट्न बाँकी रहेको छ । तुइनको दायाँपट्टिको भित्तो ३० प्रतिशत मात्र काटिएको छ भने चिसेन्जीको ७० प्रतिशत काटिएको छ । देब्रेपट्टि दुवै पुलको ६५ प्रतिशत हाराहारी काटिएको छ । तुइनको भित्तो ४५ मिटर अग्लो चट्टानी भीर रहेकाले काम गर्न कठिन भएको हो ।

काम गर्नका लागि बाटो बनाउन मात्रै एक हप्ता लाग्ने गरेको उनले बताए । थप २१ दिन समय पाएमा त्यसपछि यदाकदा एक/डेढ घण्टा रोकेर काम गर्न सकिने आचार्यले बताए ।

आयोजनाका प्रमुख किरण कार्कीका अनुसार यी पुलहरूसँगै काम थालिएका नौवटा पुल बनिसकेका छन् । यसअघि नै सो सडकका पाँचवटा पुल बनिसकेका थिए । पाँचवटा पुल निर्माणाधीन रहेका छन् । एउटा पुलको जगमा छवटा घरटहरा रहेकाले राहत रकम निकासा नहुँदा काम थाल्न नपाएको कार्कीले बताए । विश्व बैंकको सहयोगमा गरिने काममा राहत अनिवार्य दिएर मात्र अतिक्रमण गरेर बसेकालाई हटाउनुपर्ने प्रावधान रहेको छ ।

यस्तै, अन्य पुल रहेका ठाउँमा २० घरटहरा रहेका छन् । ती हटाउनका लागि रु एक करोड हाराहारी राहत दिनुपर्ने हुन्छ । कार्कीले ठेकेदार कम्पनीले माग गरेको समयको विषयमा छलफल गरेर टुङ्गो लाग्ने बताए । २०७६ चैत १० गते ३३ महीनामा सम्पन्न गर्नेगरी रु एक अर्ब २५ करोडमा ठेक्का दिइएको थियो । सम्झौताको भोलिपल्टबाट कोभिड

(बाँकी पाँचौं पातामा)



राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको ३०१औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा आज सिंहदरबारको पश्चिम द्वारअगाडि रहेको शाहको सालिकमा माल्यार्पण तथा पुष्पगुच्छा अर्पण गर्न सहभागी सर्वसाधारण । तस्वीरः रासस

# अमलेखगंजदेखि झापासम्म पाइपलाइन सम्भाव्यता अध्ययन हुने

नयाँ दिल्ली, २७ पुस/रासस

नेपालमा विद्युतीय प्रसारण लाइन विस्तार, कृषिमा उन्नत प्रविधिको प्रयोग र पेट्रोलियम पदार्थको पाइपलाइन विस्तारलगायतका क्षेत्रमा भारतीय सहयोगका लागि दुई देशबीच विभिन्न संयन्त्रका माध्यमबाट छलफल भइरहेको छ । भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्माले नेपालबाट ४५० मेगावाट बिजुली भारतमा निर्यातका लागि आवश्यक पर्ने प्रसारण लाइनको विस्तार गर्न भारत सकारात्मक रहेको र नेपालमा उन्नत (हाइब्रिट) जातका पशु लगेर व्यावसायिक पशुपालन बढाउन छलफल भइरहेको बताए ।

भारतको ग्रेटर नोयडास्थित गौतमबुद्ध विश्वविद्यालयमा जारी सार्क पत्रकार मञ्च (एसजेएफ)को अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी नेपाली पत्रकारको प्रतिनिधिमण्डलसँग नयाँ दिल्लीस्थित दूतावासको कार्यालयमा कुराकानी गर्दै राजदूत डा शर्माले अमलेखगंजबाट चितवन हुँदै झापासम्म पेट्रोलियम पदार्थको पाइपलाइन विस्तारका लागि सम्भाव्यता अध्ययन हुने बताए ।

उनले नेपालले माग गरे अनुसार हवाई रूट थपका लागि दुई देशबीचको प्राविधिक समूहको बैठक हुनुपर्ने र लामो समयदेखि थन्किएका मुद्दाको समाधानका लागि उच्चस्तरीय भ्रमणको आदानप्रदान र संवाद हुनुपर्ने बताए । भारतका गृहमन्त्री राजनाथ सिंहसँग हालै एक कार्यक्रमका सन्दर्भमा राजदूत डा शर्माको कुराकानी भएको थियो । सो क्रममा गृहमन्त्री सिंहले नेपालको नयाँ सरकार र पछिल्लो राजनीतिक घटनाक्रमबारे चासो राखेका थिए ।

सो अवसरमा मञ्चका नेपाल शाखा संयोजक प्रकाश सिलवालले "राष्ट्र निर्माणमा पत्रकारको भूमिका" विषयक उक्त अन्तर्राष्ट्रिय सम्मेलनका विषयवस्तुबारे अवगत गराएका थिए ।

# इन्भेस्टमेन्ट र मेगा बैंकको एकीकृत कारोबार शुरू

काठमाडौं, २७ पुस/रासस

नेपाल इन्भेस्टमेन्ट बैंक र मेगा बैंक लिमिटेड एकापसमा गाभिएसँगै आजदेखि 'नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड'का नाममा एकीकृत कारोबार शुरू भएको छ ।

काठमाडौंमा आज आयोजित एक कार्यक्रममा नेपाल इन्भेस्टमेन्ट बैंकका अध्यक्ष पृथ्वीबहादुर पाण्डे र मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले संयुक्तरूपमा एकीकृत कारोबार शुरू भएको घोषणा गरे ।

दुई बैंक गाभिएर बनेको नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको चुक्ता पूँजी रु ३४ अर्ब १२ करोड, कुल सम्पत्ति रु चार खर्ब ७१ अर्ब र कुल पूँजी रु ५८ अर्ब पुगेको छ । त्यस्तै, कुल निक्षेप रु तीन खर्ब ६० अर्ब र कुल कर्जा रु तीन खर्ब २९ अर्ब रहेको बैंकले जनाएको छ । मर्जरपछि यो बैंकको शाखा सञ्जाल २९६, एक्सटेन्सन काउन्टर ५९, एटिएम २७९ र ग्राहक सङ्ख्या ३० लाखभन्दा बढी रहेको पनि बैंकले जनाएको छ ।

दुई बैंकबीच शेयर स्वाप अनुपात १००:९० रहने गरी मर्जर सम्झौता भएको थियो । नेपाल इन्भेस्टमेन्ट मेगा बैंकको अध्यक्षमा साबिक इन्भेस्टमेन्ट बैंकका अध्यक्ष पाण्डे र प्रमुख कार्यकारी अधिकृतमा ज्योतिप्रकाश पाण्डे रहेका छन् । नयाँ सञ्चालक समितिमा दुवै बैंकका सञ्चालकको प्रतिनिधित्व रहने छ । त्यसमा इन्भेस्टमेन्ट बैंकका तर्फबाट प्रजन्य राजभण्डारी र कविकुमार टिबरेवाला तथा मेगा बैंकका तर्फबाट गोपाल खनाल, मदनकुमार आचार्य र मुक्तिराम पाण्डे रहेका छन् ।

त्यसैगरी, साबिक नेपाल इन्भेस्टमेन्ट बैंकमा स्वतन्त्र सञ्चालकका रूपमा रहेका मञ्जु बस्नेत अब बन्ने सञ्चालक समितिमा पनि स्वतन्त्र सञ्चालकका रूपमा रहनेछन् । एकीकृत कारोबार शुभारम्भ कार्यक्रममा बैंकका अध्यक्ष पाण्डेले यो मर्जरले वित्तीय क्षेत्रमा थप




ऊर्जा प्रदान गर्नुका साथै नेपाल राष्ट्र बैंकको मर्जर नीतिलाई थप उत्साह प्रदान गरी अन्य बैंकलाई पनि मर्जरका लागि प्रेरित गरेको बताए ।

त्यसैगरी, मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले यो मर्जर देशको बैंकिङ क्षेत्र र अर्थतन्त्रका लागि सुखद एवं सकारात्मक कदम भएको बताए । मर्जरपछि दुवै बैंकका असल परम्परा, ग्राहकको सेवा, कर्मचारी व्यवस्थापन जस्ता सकारात्मक पक्षलाई अङ्गिकार गर्नुका साथै शेयरधनीलाई प्रतिफलमा न्यायोचित वृद्धि गर्दै जाने उनको भनाइ छ ।

नियामक निकाय नेपाल राष्ट्र बैंकले लिएको नीति अनुसार पछिल्लो समय बैंक तथा वित्तीय एकापसमा गाभ्ने/गाभिने र प्राप्ति प्रक्रियामा गइरहेका छन् । चालू आर्थिक वर्षको पुसमा मात्र आठवटा वाणिज्य बैंक एकापसमा मर्जर तथा प्राप्ति प्रक्रियामा गएर चारवटामा कायम भएका छन् ।

यसअघि प्रभु बैंक लिमिटेडले सेन्चुरी कमर्सियल बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरी मङ्गलवारदेखि प्रभु बैंक लिमिटेडका नामबाट एकीकृत कारोवार शुरू गरिसकेको छ । ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डू एकापसमा गाभिएर 'ग्लोबल आइएमई बैंक लिमिटेड'का नामबाट सोमवारदेखि एकीकृत कारोबार थालिएको छ । त्यस्तै, कुमारी बैंक र नेपाल क्रेडिट एन्ड कमर्स (एनसिसी) बैंक एकापसमा गाभिएर 'कुमारी बैंक लिमिटेड' का नामबाट पुस १७ गतेदेखि एकीकृत कारोबार शुरू भएको छ ।

हिमालयन बैंकले सिभिल बैंक लिमिटेडलाई प्राप्तिका लागि सहमति गरिसकेको भएपनि एकीकृत कारोबार भने शुरू भइसकेको छैन । दुवै बैंकले पुस २८ गतेका लागि वार्षिक साधारणसभा बोलाएका छन् । आगामी माघ महीनाभित्रै एकीकृत कारोबार गर्ने यी बैंकको तयारी छ । त्यस्तै, लक्ष्मी बैंक र सनराइज बैंकले पनि एकापसमा मर्जरमा जाने सम्झौता गरिसकेका छन् ।

# 'पत्रकारिता पेशा थप मर्यादित हुनुपर्छ'

सप्तरी, २७ पुस/रासस

प्रेस काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता क्षेत्रलाई थप मर्यादित, विश्वसनीय बनाउँदै जानुपर्ने बताएका छन् । सप्तरीको राजविराजमा मङ्गलवार आयोजित लोकेन्द्र स्मृति दिवसका अवसरमा उनले पत्रकारितालाई अवरुद्ध गरेर अर्को बाटोबाट परिवर्तन हुन नसक्ने भएकाले यस क्षेत्रलाई नै विश्वसनीय बनाउनुको विकल्प नरहेको बताए ।

"पत्रकारिता अरू क्षेत्रबाट गर्न नसकिने विशिष्ट चरित्र हो," बस्नेतले भने, "अन्य क्षेत्रबाट विकास गर्न वा तत्काल परिणाम निकाल्न सकिँदैन । तर सक्रिय, विश्वसनीय र साँचो पत्रकारितामार्फत तत्कालै परिणाम ल्याउन सकिन्छ ।" पुराना पुस्ताले गरेका राम्रो कामको अनुसरण र अवलम्बन गर्दै जानुपर्ने र सच्याउनुपर्ने विषयमा छलफल गरेर समाधान खोज्दै जानुपर्ने उनले बताए । पेशालाई मर्यादापूर्ण, विश्वसनीय बनाउन गहनरूपमा छलफल र मनन गर्नुपर्नेमा उनको जोड थियो ।

नेपाल पत्रकार महासङ्घका सचिव गोविन्द चौलागाईंले पत्रकारले विश्वसनीयता र सबैले पत्याउने ढङ्गले असल पत्रकारिता गर्नुपर्नेमा जोड दिए । यस क्षेत्रभित्र बाहिर र भित्र देखिएका




समस्या समाधान गर्नुपर्ने बताउँदै उनले साझा समस्या पहिचान गरेर समाधानमा लाग्नुपर्छ भने ।

कार्यक्रममा हरेक वर्ष प्रदान गर्दै आएको 'लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार' राजविराजबाट प्रकाशित हुने पूर्व प्रभात दैनिकका सम्पादक बिन्दु यादवलाई प्रदान गरिएको छ । २९औं लोकेन्द्र स्मृति दिवसका अवसरमा प्रेस काउन्सिलका अध्यक्ष बस्नेतले यादवलाई नगद रु पाँच हजार पाँच र प्रमाणपत्रसहित पुरस्कार प्रदान गरे ।

सल्यान जिल्लाको कोटमौला घर भई सप्तरी कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका लोकेन्द्र बुढाथोकीको विसं २०५० मा हत्या भएको थियो । महासङ्घ सप्तरीले २०५१ सालमा उनकै स्मृतिमा यो पुरस्कार स्थापना गरेको थियो । बुढाथोकी काठमाडौंबाट प्रकाशित हुने दृष्टि साप्ताहिकका सप्तरी प्रतिनिधि तथा स्थानीय सगरमाथा आवाज सप्ताहिकका सहसम्पादक थिए ।

राजविराजस्थित समाज कल्याण केन्द्रमा बसेर एसएलसीसम्मको पढाइ पूरा गरेका बुढाथोकी महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराजमा बिएल दोस्रो वर्षमा अध्ययनरत रहेकै अवस्थामा राजविराज–६ स्थित डेरामा हत्या भएको थियो ।

सोही समारोहमा वातावरणीय पत्रकारिता पुरस्कार उमेश साहलाई प्रदान गरिएको छ । पत्रकार उमा सिंहको स्मृतिमा आजको वातावरण दैनिक

(बाँकी पाँचौं पातामा)

# सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीका समस्या

काठमाडौं, २७ पुस/रासस

सुन्दरहरैचा–१० मोरङका हिमाल गुरागाइँ अहिले काठमाडौं नक्सालस्थित केन्द्रीय बहिरा क्याम्पसमा स्नातक अन्तिम वर्षमा अध्ययन गर्छन् । सुनाइसम्बन्धी अपाङ्गता गुरागाईंलाई १२ कक्षा सकेपछि सूचना प्रविधि वा वाणिज्य अध्ययन गर्ने इच्छा थियो। तर ती विषय बहिरा क्याम्पसमा थिएन ।

"हाम्रो क्याम्पसमा एउटा मात्र पाठ्यक्रम छ, म सूचना प्रविधि वा लेखा पढ्न चाहन्थें तर हाम्रो क्याम्पसमा कुनै प्रावधान छैन, साङ्केतिक भाषा दोभाषेको अभावले गर्दा म क्याम्पसमा भर्ना हुन सकिनँ," उनले भने । साङ्केतिक भाषासम्बन्धी लाखभन्दा बढी शब्द र झन्डै पाँच हजारभन्दा बढी साङ्केतिक भाषाका शब्द रहेको सन्दर्भमा अन्य क्याम्पसमा सीमितताको कारणले गर्दा आफ्नो अध्ययनमा समस्या भइरहेको उनको भनाइ छ ।

"मेरो गाउँनजीकै सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिले अध्ययन गर्ने क्याम्पस नभएको कारणले गर्दा काठमाडौंमा पढ्नुपर्ने भयो," उनले भने, "गरीब परिवारका सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीलाई काठमाडौंमा बस्न गाह्रो हुन सक्छ र हाम्रोलागि छात्रवृत्ति नहुँदा समस्या भएको छ ।"

अमेरिका वा अन्य देशमा सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीको लागि सूचना प्रविधि वा कम्प्युटर विज्ञान अध्ययन हुने विश्वविद्यालय भएपनि नेपालमा कुनै सुविधा नभएको उनको गुनासो छ । अनुभवी शिक्षक नहुँदा सूचना प्रविधि र लेखा विषय पढाइ हुन नसकेको उनको बुझाइ छ ।

"सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीलाई राम्रोसँग बुझ्नको लागि, शिक्षकलाई राम्रो अनुहारको अभिव्यक्ति र राम्रो साङ्केतिक भाषा कौशल चाहिन्छ, तर विद्यालयमा यो उल्टो छ, विद्यालयमा नौवटा विषय छन्, एउटा विषय ४५ मिनेटमा पढाउनुपर्छ तर तथ्य के हो भने करीब ९० प्रतिशत विद्यार्थीले त्यसलाई बुझ्दैनन् र राम्रोसँग बुझ्न केही समय लाग्न सक्छ," उनले भने ।

हालको पाठ्यक्रम सुनाइसम्बन्धी अपाङ्गता भएका विद्यार्थीका लागि कठिन भएको र ती विद्यार्थीका लागि फरक पाठ्यक्रम हुनुपर्ने गुरागाईंले बताए । हिमालले मात्रै होइन, सोही क्याम्पसमा अध्यनरत रविता देउडाको पनि उस्तै छ समस्या । हिमालले जस्तै रविताले पनि सुनवाइसम्बन्धी अनुभवी शिक्षक र दोभाषेको अभावलगायत विविध समस्या भोग्नुपरेको छ । विद्यालय शिक्षामा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाको पहुँचमा २२ वटा विशेष



तस्वीरः फाइल

विद्यालय तथा १७४ वटा स्रोत कक्षासहितको एकीकृत विद्यालय सञ्चालनमा छन् ।

राष्ट्रिय बहिरा महासङ्घका अनुसार ती विद्यालयमा छ हजार ३८० जना सुनाइसम्बन्धी अपाङ्गता भएका तथा २०४ जना श्रवण दृष्टिविहीन विद्यार्थी अध्ययनरत छन् । तर ती विद्यालयमा सिकाइ सहजीकरण गर्ने शिक्षकमा साङ्केतिक भाषाको ज्ञान नभएको कारणले सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सिकाइमा समावेश गर्न कठिनाइ भइरहेको छ । दुई प्रकारका अपाङ्गतामध्ये श्रवण दृष्टिविहीन बालबालिकाले सुन्न र देख्न नसक्ने वा कम मात्र सुन्न र देख्न सक्ने भएकाले उनीहरूलाई स्पर्श, स्वाद, गन्ध र वासना र चालको माध्यमबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ। सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषा र द्वैभाषीय विधिबाट सिकाइ सहजीकरण गर्न आवश्यक हुन्छ।

राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा ८८ हजार ७४३ जनामा सुनाइसम्बन्धी अपाङ्गता भएको पाइन्छ। उक्त तथ्याङ्कमा सुनाइसम्बन्धी अपाङ्गता, सुस्त श्रवण तथा श्रवण दृष्टिविहीन भएका व्यक्तिको पनि गणना गरिएको छ । सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको शिक्षाका लागि नेपालको संविधान २०७२ ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानूनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन हुने व्यवस्था गरेको छ ।

साथै, सुनाइसम्बन्धी अपाङ्गता तथा स्वर बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाका माध्यमबाट कानूनबमोजिम निश्शुल्क शिक्षा पाउने हक हुने व्यवस्था छ । संविधानको धारा ३२ ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुने पनि उल्लेख गरेको छ । तर त्यसको प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन । संविधानको अनुसूची ८ को बुँदा नं ७ मा आधारित र माध्यमिक तहको शिक्षालाई स्थानीय तहको क्षेत्राधिकारमा राखेको छ। संविधानले नै आधारभूत तहको शिक्षा अनिवार्य तथा निश्शुल्क हुने, माध्यमिक शिक्षा निश्शुल्क हुने र उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरेको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ ले सुनाइसम्बन्धी अपाङ्गता भएका, सुस्त श्रवण तथा श्रवण दृष्टिविहीन भएका व्यक्तिलाई उपयुक्त भाषा, लिपि, तरीका, पाठ्यक्रम, पाठ्यपुस्तकलगायत पहुँचयुक्त सूचना प्रविधिको प्रयोगबाट शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ भन्ने उल्लेख गरेको छ। सरकारले विपन्नता, भौगोलिक विकटता वा अपाङ्गताको गम्भीरतासमेतका आधारमा तोकिए बमोजिम अपाङ्गता भएका व्यक्तिलाई आवास सुविधासहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन परीक्षा र मूल्याङ्कन प्रणालीमा छुट्टै व्यवस्था गर्ने, अपाङ्गतामैत्री शैक्षिक सामग्री तथा विद्यालय भवन तथा भौतिक संरचनाको निर्माण गर्ने व्यवस्था गरेको छ । तर पनि उच्च शिक्षाको आधारशीलाको रूपमा रहेको विद्यालय शिक्षामा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको पहुँच तथा सिकाइमा सहभागिता तथा सिकाइ उपलब्धि कमजोर भई उनीहरूको सिकाइ गुणस्तरीय हुन सकेको छैन ।

निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले पनि सरकारले निर्धारण गरे बमोजिमका निश्शुल्क अध्ययनको सुविधा उपलब्ध गराउने व्यवस्था गरे पनि कार्यान्वयनमा समस्या छ । सोही ऐन तथा नियमावली २०७७ मा पनि सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई पनि स्नातक तहसम्म अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरेको छ । चिकित्सा शिक्षा ऐन २०७५ र नियमावली २०७७ ले पनि चिकित्सा क्षेत्रमा १० प्रतिशत छात्रवृत्ति सीमान्तकृत समुदायलाई दिनुपर्ने व्यवस्था गरेको छ ।

त्यसैगरी, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, अनिवार्य र निश्शुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई उनीहरूको सिकाइ आवश्यकता अनुसार पाठ्यक्रम तथा शैक्षणिक क्रियाकलापमा अनुकूलन गरी सिकाइ सहजीकरण गर्नुपर्ने व्यवस्था गरेको छ ।

महासङ्घले सुनाइसम्बन्धी अपाङ्गता भएको व्यक्तिको माध्यम भाषा, साङ्केतिक भाषामा शब्द भण्डार तथा व्याकरणको पर्याप्त विकास हुनुपर्ने, मूलप्रवाहका विश्वविद्यालयमा साङ्केतिक भाषाका दोभाषेको व्यवस्था हुनुपर्ने, विद्यालय तथा विश्वविद्यालयमा स्वीकार्यता, स्वागत तथा सिकाइ सहयोगको वातावरण हुनुपर्ने, समावेशी संस्कृतिको विकास हुनुपर्ने र प्राविधिक तथा व्यावसायिक शिक्षामा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको पहुँच हुनुपर्ने माग गर्दै आएको छ ।

विश्वमा १३८ वटा साङ्केतिक भाषा प्रयोगमा रहेका छन् र त्यसलाई ३०० फरक तरीकाले प्रयोग गर्ने गरिएको छ। सन् १९९२ मा विश्वमा पहिलोपटक साङ्केतिक भाषालाई मान्यता प्रदान गरिएको थियो । हालसम्म ६१ देशले संविधान, ऐन, नियमावलीमा साङ्केतिक भाषालाई मान्यता प्रदान गरेका छन् । भाषा आयोगले साङ्केतिक भाषालाई प्रवर्द्धन गर्न सरकारलाई सिफारिश गरेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले अपाङ्गता भएका बालबालिकाको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाको माध्यमबाट उपयुक्त शैक्षिक अवसर उपलब्ध गराउने उल्लेख गरेको छ । सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई छात्रवृत्ति, शैक्षिक सामग्री तथा व्यवस्थापन सहयोगको व्यवस्था छ । विद्यालय शिक्षाका ऐनमा गरिएका पाठ्यक्रम अनुकूलनसम्बन्धी व्यवस्था कार्यान्वयन हुन सकेको छैन ।

महासङ्घका महासचिव सन्तोष केसीका अनुसार स्थानीय सङ्केत फरक–फरक हुनु र सङ्केत गर्दा शब्दभण्डारको

(बाँकी पाँचौं पातामा)



**पहाडे वास्तुकला :** आजदेखि शुरु भएको ११औं संस्करणको पोखरा महोत्सवको प्रर्दशनीमा राखिएको पहाडे वास्तुकला झल्काउने नमूना घर । तस्बिरः रासस

## फरक समाचार

# नासाको डेड स्याटेलाइट ३८ वर्षपछि फर्कियो

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाको एउटा उपग्रह ३८ वर्षपछि धर्तीमा फर्किएको छ । यस स्याटेलाइट धर्तीमा फर्किएको खबर अहिले अन्तर्राष्ट्रिय मिडियामा छाएको छ । नासाको यो उपग्रह सेवानिवृत्त भइसकेको छ र अब आफ्नो सेवा पूरा गरेर फर्किएको छ।



कुनै उपग्रहलाई नोक्सान नपुऱ्याइ यो उपग्रह अलास्कामा खसेको थियो । सन् १९८४ मा यस उपग्रहलाई रक्षा विभागद्वारा प्रक्षेपित गरिएको थियो । यस उपग्रहलाई पृथ्वी विकिरण बजेट उपग्रह (इआरबिएस)को रूपमा जानिन्थ्यो। यस अन्तरिक्ष यान च्यालेन्जरद्वारा अन्तरिक्षमा पठाइएको थियो ।

२००५ सम्म इआरबिएसको मदतबाट शोधकर्ताले जाँच गरेका थिए कि कसरी पृथ्वीले सूर्यको ऊर्जालाई अवशोषित गर्छ र त्यसपछि पुनः उत्सर्जित हुन्छ। यसले पृथ्वीको वायुमण्डलमा ओजोन, वाष्प, नाइट्रोजन डाइअक्साइड र एरोसोल सान्द्रतालाई पनि मापन गरेको थियो । अमेरिकी रक्षा विभागका अनुसार स्थानीय समय अनुसार गत आइतवार उपग्रह पृथ्वीको वायुमण्डलमा प्रवेश गऱ्यो। प्रवेशको क्रममा उपग्रहको कुन भाग क्षतिग्रस्त भएको छ, त्यसबारे अनुसन्धान हुँदैछ ।

पृथ्वीमा फर्किएपछि अधिकांश उपग्रह पूर्णरूपले जल्छन् । जब यो उपग्रह पृथ्वीमा प्रवेश गर्न थालेको थियो, त्यति बेला नासाले भविष्यवाणी गरेको थियो कि पृथ्वीमा प्रवेश गर्ने बेलामा यस उपग्रहले नगन्य क्षति गर्छ। उपग्रह निर्धारित समयभन्दा धेरै समयसम्म सञ्चालित रह्यो ।

नासाको लागि यो मिशन ऐतिहासिक थियो। जब यस उपग्रहलाई च्यालेन्जरको मदतबाट प्रक्षेपित गरियो, तब पहिलो अमेरिकी महिला यात्रीले पनि अन्तरिक्षमा पाइला राखेकी थिइन् । यस उपग्रहको मदतबाट सन् १९८७ मा मोन्ट्रियल प्रोटोकल सम्झौतामा हस्ताक्षर गरिएको थियो । एक दर्जन देशले ओजोन–क्षयकारी क्लोरोफ्लोरोकार्बन (सिएफएस) रसायनको उपयोगलाई कम गर्ने उद्देश्यले सम्झौतामा हस्ताक्षर गरेका थिए ।

यस सम्झौतापछि यस रसायनमाथि प्रतिबन्ध लगाइएको थियो । यदि क्लोरोफ्लोरोकार्बनमाथि प्रतिबन्ध नलगाइएको भए ओजोन परत पूर्णरूपले नष्ट हुनेथ्यो। यसबाट सन् २०२१ को अन्त्यसम्म पृथ्वीको तापमान २.५ डिग्री सेल्सियससम्म बढ्नेथ्यो र ग्लोबल वार्मिङ खतराको स्तरमा पुग्थ्यो। आज सेज श्रीले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा ओजोन परतको स्वास्थ्यमाथि शोध गरिरहेको छ ।

# तातोपानी बढी पिउँदा के हुन्छ ?

कठ्याङ्ग्रिदो जाडोमा सबैले तातो पानी पिउँदैछन्। तातो पानी पिउँदा चीसो लाग्दैन भनिन्छ तर लखनऊ डाइट क्लिनिकका विज्ञ अश्विनी एच कुमारका अनुसार तातो पानी पिउनु राम्रो हो तर चीसोमा हामीले बढी तातोपानी पिएर गलती गर्छौं, जसले गर्दा शरीरमा थुप्रै समस्या हुन थाल्छन् ।



**अन्नप्रणालीमा क्षतिः** तातो पानी बढी पिउँदा इसोफेगसमा (अन्नप्रणाली)मा क्षति हुन्छ । यो एउटा ट्युब हो, जुन मुखदेखि पेटसम्म जान्छ। यसमा ससाना दाना निस्किन्छ, जसबाट जलन हुन सक्छ । साथै यो दुखाइ र जलन लामो समयसम्म रहन सक्छ ।

**मल शुष्क हुन्छः** तातो पानी पिउँदा हाम्रो मल रूखो हुन सक्छ, जसले गर्दा कब्जको समस्या हुन थाल्छ । बढी तातो पानी पिउँदा पेटको तापमान बढ्छ र यसबाट मल शुष्क हुनुको साथै बवासिरको समस्या पनि हुन्छ ।

**डिहाइड्रेशनको समस्याः** तातो पानीले पेट भरिएको अनुभूति हुँदैन, जसले गर्दा डिहाइड्रेशनको समस्या हुन थाल्छ । ओठ सुक्खा हुन्छ र खुट्टामा दुखाइ हुन थाल्छ।

**पाचनतन्त्र बिग्रिन्छः** तातो पानी हाम्रो पाचनतन्त्रको लागि सही भएपनि बढी मात्रामा पानी पिउँदा यसले पाचन प्रक्रियालाई प्रभावित गर्नुका साथै पाचन एन्जाइमलाई पखाल्छ। साथै पेटको पिएच र राम्रो ब्याक्टेरियालाई पनि नोक्सान पुऱ्याउँछ, जसले गर्दा पाचन क्रिया प्रभावित हुन्छ ।

# एलन मस्कले इतिहास रच्ने तयारी गर्दै

संसारका सबैभन्दा धनी व्यक्तिमध्ये एलन मस्कको कम्पनी स्पेस एक्सले अन्तरिक्ष दुनियाँमा इतिहास रच्ने तयारी गर्दैछ । स्पेस एक्सको विशालकाय स्टारशिप रकेट आगामी महीनामा पहिलोपटक कक्षमा लैजाने तयारी गरिंदैछ। स्पेस एक्स यस्तो उपग्रहलाई अन्तरिक्षमा पठाउने तयारी गरिरहेको छ, जुन सबैभन्दा बढी शक्तिशाली हुनेछ । यस उपग्रहलाई कक्षामा स्थापित गर्नको लागि पहिलेदेखि उन्नत रकेटको आवश्यकता हुनेछ र स्टारशिपले यो काम गर्न सक्छ।





स्टारशिपलाई मङ्गल र चन्द्रमामा लैजाने लक्ष्यको साथ अगाडि बढिरहेको छ। उसको योजना यस रकेटको माध्यमबाट अन्तरिक्ष यात्री र कार्गोलाई मङ्गल र चन्द्रमा लैजाने रहेको छ। स्टारशिपलाई रियुजेबल रकेटसरह तयार गरिंदैछ। यसमा दुईवटा तत्त्व हुन्छन् र दुवैलाई पुनः उपयोग गर्न सकिन्छ। पहिले बुस्टर नामक सुपर हैभी हो, जबकि माथिल्लो मञ्चको उचाइ करीब ५० मिटर हुनेछ।

रिपोटर्सका अनुसार कम्पनीले आगामी महीनामा सम्भावित लन्चमा यस रकेटको सुपर हैभी प्रोटोटाइपको परीक्षण गर्न सक्छ । दुई वर्ष पहिले स्पेस एक्सले तीन इन्जिन भएको स्टारशिप प्रोटोटाइपलाई आकाशमा लगभग ६.२ मिलसम्म उडाएको थियो । त्यस प्रोटोटाइपले सुरक्षित अवतरण पनि गरेको थियो ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## प्रवेशाज्ञा बन्द गरेकोमा जापानद्वारा चीनको आलोचना

टोकियो, २७ पुस/एएफपी

चीनले आफ्ना नागरिकलाई प्रवेशाज्ञा दिन बन्द गरेको हो।



तस्वीरः एएफपी

चीनले मङ्गलवार जापान र दक्षिण कोरियाली नागरिकलाई भिसा नदिने सूचना जारी गरेको थियो। जापानले चीनको उक्त निर्णयलाई प्रतिशोधात्मक एवं खेदजनक कदम भनेको छ। टोकियोले कूटनीतिक माध्यमबाट चिनियाँ निर्णयको विरोध गर्दै तत्काल निर्णय सच्याउन माग गरेको सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले बताए।

सोलस्थित चिनियाँ दूतावासले मङ्गलवार अनलाइन पोस्ट गरेको संक्षिप्त सूचना अनुसार दक्षिण कोरियाली नागरिकलाई पर्यटन वा व्यापारको लागि चीन जाने प्रवेशाज्ञा निलम्बन गरिएको छ। सोलले चिनियाँ नागरिकमाथिको भेदभावपूर्ण व्यवहार नहटाएसम्म कोरियालीमाथिको प्रतिबन्ध लागू रहनेछ।

चीनबाट कोरिया जान चाहने यात्रीले बितेका ४८ घण्टामा कोरोना सङ्क्रमण नभएको प्रमाण प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेपछि चीनले संसारका सबै देशसँगै त्यसै अनुरूप व्यवहार गर्ने बताएको छ। विश्व स्वास्थ्य सङ्गठनले चीनमा कोभिड–१९ को प्रकोपको स्थितिबारे वास्तविक तथ्याङ्क नदिएको आरोप बेइजिङमाथि लगाएको छ भने पछिल्लो समय अमेरिकालगायत दर्जनौं देशले चीनबाट आफ्ना भूमिमा आउन चाहने चिनियाँसहित जुनसुकै देशका नागरिकले आफूलाई कोरोना सङ्क्रमण नभएको पुष्टि गर्ने प्रयोगशाला प्रतिवेदन पेश गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरेको छ। महामारीका बीच चीनले गत महीना अचानक कोभिड–१९ नियन्त्रणसम्बन्धी उपाय हटाएपछि विश्वसमुदाय सशङ्कित भएको छ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले चीनमा कोरोना महामारीमा परी धेरै नागरिकको ज्यान गएको जनाएका थिए। केही साताअघिसम्म कठोर नियम कार्यान्वयन गराएको विरोधमा देशका प्रमुख शहरहरूमा विरोध प्रदर्शन भएका थिए।

कलकारखाना बन्द गर्ने, घरबाहिर निस्कन नपाउने नियमको विरोधमा सर्वसाधारण सडकमा उत्रिएका थिए। रासस

दिन बन्द गरेकामा जापानले त्यसको विरोध गरेको छ। जापानी नागरिकलाई ‘भिसा’ दिन बन्द गर्ने चीनको कदमको आलोचना गर्दै टोकियोले बुधवार उक्त कदमको विरोध गरेको हो। साथै उसले उक्त निर्णय फिर्ता लिन बेइजिङसँग माग गरेको छ।

चीनमा कोरोनाका बिरामी बढेकाले त्यहाँबाट आफ्नो भूमिमा प्रवेश गर्ने चिनियाँलगायत अन्यलाई कोभिड–१९ परीक्षणको नकारात्मक प्रतिवेदन प्रस्तुत गर्नुपर्ने बाध्यकारी नियम लगाएपछि चीनले पनि त्यसको प्रतिवाद गर्दै प्रवेशाज्ञा

## क्यानडाद्वारा राजापाक्ष दाजुभाइमाथि प्रतिबन्ध घोषणा

कोलम्बो, २७ पुस/एएफपी

श्रीलङ्काका पूर्वराष्ट्रपति महिन्द्रा र गोटाबाया राजापाक्षलाई क्यानडा सरकारले आफ्नो मुलुकको भ्रमणमा प्रतिबन्ध लगाएको छ। गृहयुद्धका बेला मानव अधिकार हनन गरेको आरोपमा उनीहरूमाथि यात्रा प्रतिबन्ध लगाइएको हो।

सन् २००९ मा महिन्द्रा राजापाक्ष टापु राष्ट्रको राष्ट्रप्रमुख र गोटाबायाले रक्षा मन्त्रालयको नेतृत्व गरेका बेला तमिल टाइगर्सको पृथकतावादी आन्दोलनलाई सैन्य कारबाईका माध्यमबाट अन्त्य गरिएको थियो। अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूका अनुसार द्वन्द्वकालमा सेनाले अन्धाधुन्ध बमवारीलगायत कारबाई गर्दा ४० हजार तमिल अल्पसङ्ख्यक मारिएका थिए।

पश्चिमा देशले श्रीलङ्काको सैनिक नेतृत्वमाथि यात्रा प्रतिबन्ध लगाएको भएपनि शक्तिशाली राजपाक्ष परिवारका सदस्यमाथि कुनै किसिमको यात्रा निषेध जारी गरेको थिएन। राजपाक्ष परिवारमाथि प्रतिबन्ध लगाउने क्यानडा पहिलो मुलुक बनेको छ।

“अन्तर्राष्ट्रिय कानून उल्लङ्घन गर्नेहरूविरुद्ध अन्तर्राष्ट्रिय दण्डहीनता अन्त्य गर्न क्यानडाले आज निर्णायक कदम चालेको छ,” विदेशमन्त्री मेलानी जोलीले मङ्गलवार जारी विज्ञप्तिमा भनेकी छन्।

दुवै दाजुभाइले आफूहरू पदमा रहँदा दशकौं लामो गृहयुद्धका क्रममा भएका युद्ध अपराधको अनुसन्धान गर्न अन्तर्राष्ट्रिय दबाबको प्रतिरोध गरेका थिए। सन् २०१९ मा गोटाबाया राष्ट्रपति भएका थिए। देशमा व्याप्त चरम आर्थिक सङ्कटबाट क्रुद्ध भएका नागरिकको निरन्तरको विरोध प्रदर्शन तथा सरकारी निवासमा प्रवेश गरेर आन्दोलन चर्काएपछि राजीनामा गरेर पलायन भएका उनी सैन्य सुरक्षाको साथ सरकारी परिसरमा बसिरहेका छन्।

यसैबीच, श्रीलङ्काको विदेश मन्त्रालयले बुधवार क्यानडाका कार्यवाहक राजदूतलाई बोलाएर क्यानडाको निर्णयप्रति असन्तुष्टि व्यक्त गरेको छ। रासस

## पेरूका राष्ट्रपतिमाथि अनुसन्धान शुरू

पुनो (पेरू), २७ पुस/एएफपी

पेरूका राष्ट्रपति डिना बोल्वार्टेमाथि सरकारविरोधी प्रदर्शनमा दमन गरेको अभियोगमा अनुसन्धान थालिएको छ। गत डिसेम्बरदेखि भएका सरकारविरोधी प्रदर्शनमा कम्तीमा ४० जना मारिएपछि राष्ट्रपतिको भूमिकालाई लिएर छानबीन थालिएको हो।

प्रदर्शनकारी र सुरक्षाकर्मीबीच सोमवार भएको झडपमा १८ जनाको मृत्यु भएपछि मङ्गलवार हिंसात्मक प्रदर्शन दबाउन सरकारले दक्षिणी पुनो क्षेत्रमा निषेधाज्ञा (कर्फ्यू) आदेश जारी गरेको छ।

अपुरिमक, ला लिबर्टाड, पुनो, जुनिन, अरेक्विपा र अयाकुचो क्षेत्रमा सरकारविरोधी प्रदर्शनका क्रममा भएका दमनमा राष्ट्रपतिको भूमिकालाई लिएर अनुसन्धान भइरहेको सरकारी अभियोजन कार्यालयले जनाएको छ। डिसेम्बर ७ मा पूर्वराष्ट्रपति पेड्रो कास्टिलोका समर्थकहरूले बोल्वार्टेविरुद्ध आन्दोलन गर्दै आएका छन्।

जारी विरोध प्रदर्शन दबाउन राज्यशक्तिको प्रयोग हुँदा कैयौं नागरिकको मृत्यु भएकामा पेरूस्थित राष्ट्रसङ्घीय कार्यालयले गहिरो चिन्ता व्यक्त गरेको छ। हिंसात्मक गतिविधि परित्याग गर्न सम्बद्ध पक्षलाई आग्रह गर्दै राष्ट्रसङ्घले शान्तिपूर्ण विरोध गर्ने अधिकार एवं आधारभूत मानव अधिकारको सम्मान गर्न आग्रह गरेको छ।

पेरूका प्रभावशाली क्याथोलिक गिर्जाघरका नेताहरूले देशमा भड्किएको हिंसालाई मुलुक युद्धको अवस्थामा पुगेको टिप्पणी गरेका छन्। राज्य बर्बर बनेको आरोप लगाउँदै उनीहरूले संयमित हुन सम्बद्ध पक्षसँग अनुरोध गरेका छन्। पुनाको क्षेत्रीय सरकारले तीन दिनको शोकको घोषणा गर्दै राष्ट्रपति बोल्वार्टेलाई पदत्याग गर्न आह्वान गरेको छ। रासस


### वीरगंज महानगरपालिकाको अपील

- शरीरका सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो कपडा लगाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घरोगीहरूलाई चीसोबाट बचाऔं।
- आमाको दूध खाने बच्चाहरूलाई नियमितरूपमा स्तनपान गराऔ।
- तातो तथा पोषिलो झोल पदार्थहरू प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मद्यपान नगरौं।
- स्वास्थ्यसम्बन्धी कनै समस्या जस्तै ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार घ्यार भएमा, श्वास फेर्न कठिनाइ भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल–ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरूलाई एक्लै नछाडौं।

वीरगंज महानगरपालिका


### आजको राशिफल

| | |
|---|---|
| मेष – सन्तानसुख | वृष – वाहनकष्ट |
| मिथुन – राज्यलाभ | कर्कट – सुयश |
| सिंह – अन्नलाभ | कन्या – अलमल |
| तुला – प्रसन्नता | वृश्चिक – पदोन्नति |
| धनु – राज्यलाभ | मकर – कष्टानुभूति |
| कुम्भ – नारीसुख | मीन – कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## नारायणी नदी क्षेत्रमा ४३ प्रजातिका चरा भेटिए

मध्यबिन्दु, २७ पुस/रासस

यस वर्षको जलपक्षी गणनाका क्रममा नवलपरासी (बर्दघाट–सुस्ता


तस्वीरः रासस

पूर्व)मा ४३ प्रजातिका चरा भेटिएका छन्। चितवन राष्ट्रिय निकुञ्ज पश्चिम सेक्टरका पक्षी गणना संयोजक डिबी चौधरीले यस वर्ष नवलपुर क्षेत्रमा ४३ प्रजातिका चरा भेटिएको जानकारी दिए।

“गत वर्षको पक्षी गणनामा ३८ प्रजातिका पक्षी भेटिएका थिए, यसपालिको गणनामा नारायणी नदी क्षेत्रमा ४३ प्रजातिका पक्षी भेटिए,” उनले भने। चरा गणनाका क्रममा अहिलेसम्म नारायणी क्षेत्रमा नभेटिएको ‘राज सुड सुडिया’ नामको पक्षी पनि अहिले भेटिएको चौधरीले बताए।

गत वर्ष नदेखिएका विभिन्न चार प्रजातिका चरा यस वर्ष देखा परेको संयोजक चौधरीले बताए। “यस वर्षको गणनामा जुरे हुट्टियाउँ, बेल्चा ठुडे हाँस, जुरे हाँस र लाल खुट्टे टिम टिया प्रजातिका चरा फेला पारेका छन्,” उनले भने, “चितवन राष्ट्रिय निकुञ्जको नवलपुर क्षेत्रमा गत वर्ष यी प्रजातिका चरा गणना भएका थिएनन्।”

नेपालको जल क्षेत्रमा १६२ प्रजातिका चरा पाइने गरेका छन्। तीमध्ये नारायणी नदी क्षेत्रमा यस वर्ष उक्त प्रजाति फेला परेको जनाइएको छ।

नवलपुरतर्फको चितवन राष्ट्रिय निकुञ्ज र नारायणी नदी तथा सिमसार क्षेत्रमा चार समूह बनाएर चरा गणना गरिएको थियो। सिघ्रौलीदेखि अमलटारी, सिघ्रौलीदेखि पिठौली, पिठौलीदेखि अमलटारी र अमलटारीदेखि त्रिवेणी गण्डक ब्यारेजसम्म गरी चार समूहमा चरा गणना गरिएको हो।

गत वर्षको तुलनामा यस वर्ष चराको समग्र सङ्ख्या घटेको प्रारम्भिक अनुमान गरिएको छ।

“यस वर्ष पनि समग्रमा चराको सङ्ख्या घटेको पायौं,” चौधरीले भने, “प्रत्येक वर्ष नेपालमा क्रमिकरूपमा चराको सङ्ख्या घटिरहेको छ।” साइबेरियालगायत उत्तरी गोलार्द्धबाट चीसो छल्न यहाँ आउने पाहुना चरामध्ये यस वर्ष सबैभन्दा धेरै सङ्ख्यामा खोया हाँस देखिएको उनले बताए।

“कुनै प्रजातिका चरा गत वर्षभन्दा बढी र कुनै प्रजातिका चरा गत वर्षको तुलनामा न्यून देखिएका छन्,” चौधरीले भने, “यस क्षेत्रमा चखेवा, खोया हाँस, जलेवा र पानी गौथली चरा धेरै पाइने गरेका छन्।” निकुञ्जसहित नारायणी नदी र सिमसारमा पाइने रैथाने चराको सङ्ख्यामा भने खासै फरक नदेखिए पनि आगन्तुक चराको सङ्ख्यामा धेरै नै कमी आएको चौधरीले बताए।

### नारायणीमा डल्फिन ...

बताए।

“निकुञ्ज ऐनले नै नदीमा आश्रित बोटेमाझी जातिलाई माछा मार्न दिने व्यवस्था गरेको छ,” उनले भने, “नदीमा माछा मार्न नयाँ लाइसेन्स दिएका छैनौं, पुरानाको भने नियमित नवीकरण हुने गरेको छ।” नदीमा घडियालको उपस्थिति कस्तो छ भन्नेबारेमा राष्ट्रियस्तरको सर्वेक्षण हुनुपर्ने सहायक संरक्षण अधिकृत तिवारीले बताए।

“हामीले घडियाल अनुगमनसँगै डल्फिनको पनि अनुगमन गर्न सक्छौं,” तिवारीले भने, “अनौपचारिकरूपमा हामीले पनि अध्ययन गरेका छौं, तर विभागले औपचारिकरूपमा गणना गरेको अवस्थामा राम्रो हुन्छ।” नारायणी नदीमा डल्फिन भेटिंदा संरक्षणसँगै यहाँको पर्यापर्यटनमा सकारात्मक प्रभाव पर्ने संरक्षणकर्मी डिबी चौधरीले बताए।

“नदीमा डल्फिन देखिने क्रम बढेसँगै यहाँ आन्तरिक र बाह्य पर्यटकको आगमन बढ्न सक्छ,” उनले भने, “यसले संरक्षणसँगै स्थानीयवासीको आयआर्जनमा समेत वृद्धि गर्छ।” डल्फिन संरक्षणका लागि संरक्षणकर्मीसँगै सरकारी र समुदायको समेत महत्त्वपूर्ण भूमिका रहने चौधरीले बताए।

## दोहरीमा लगाइएको अफिमखेती फँडानी

प्रस, पंचगावाँ, २७ पुस/

सखुवाप्रसौनी गाउँपालिका–१ दोहरी टोलमा दुई कट्ठा क्षेत्रफलमा लगाइएको अफिमखेती इलाका प्रहरी कार्यालय, एकटाँगाले फँडानी गरेको छ।

इप्रका, एकटाँगाका प्रहरी नायब निरीक्षक रवीन्द्र खड्का नेतृत्वको टोलीले अवैधरूपमा लगाइएको दुई कट्ठा क्षेत्रफलको अफिमखेती फँडानी गरी नष्ट गरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

अफिमखेती लगाउने व्यक्तिको खोजी भइरहेको प्रनानि रवीन्द्र खड्काले जानकारी गराएका छन्।

### पत्रकारिता पेशा थप मर्यादित ...

पत्रिकाले स्थापना गरेको पुरस्कार ग्रामीण क्षेत्रमा रहेर कार्यरत साहलाई दिइएको हो। साहलाई दोसल्लासहित पुरस्कारस्वरूप प्रमाणपत्र र रु एक हजार पाँच प्रदान गरिएको छ। सप्तरीको बोदे बरसाइन नगरपालिकालाई कार्यक्षेत्र बनाएर मधेस टप अनलाइन र पब्लिक प्रेसको सहसम्पादक रहेर साह कार्यरत छन्।

महासङ्घ सप्तरीका अध्यक्ष श्रवण देवको अध्यक्षतामा आयोजित कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, प्रहरी उपरीक्षक अविनारायण काफ्ले, प्रेस काउन्सिल नेपालका सदस्य रामप्रसाद दाहाल, पूर्वसदस्य अनिल अनल, महासङ्घका पूर्व केन्द्रीय सदस्य अवधेश झा, पूर्वअध्यक्ष विष्णु मण्डल, बैधनाथ झा, मुरलीप्रसाद यादव, जीतेन्द्र खड्काले पत्रकारितालाई थप विश्वसनीय बनाउनुपर्नेमा जोड दिएका थिए। महासङ्घका सचिव रामनारायण विश्वास, उपाध्यक्ष बैधनाथ यादव र सल्लाहकार मनोहर पोखरेलले लोकेन्द्र बुढाथोकीको जीवनीबारे चर्चा गरेका थिए।

### सुनाइसम्बन्धी अपाङ्गता ....

प्रयोग नहुनु, परिणामस्वरूप वक्ताले विषय सङ्केत गर्दा फरक सन्देश जानु र सिकाइमा सुनुवाइसम्बन्धी समस्या सिर्जना हुने गरेको बताउँछन्। काठमाडौंको नक्सालस्थित बहिरा उच्च माध्यमिक विद्यालयका शिक्षक ऋषिराम देवकोटाले साङ्केतीकरण गरिएका शब्द उच्च शिक्षाका लागि अपुग भएको बताउँदै बनेका कतिपय शब्दलाई अर्थपूर्ण बनाउनुपर्नेमा जोड दिए। ठाउँ अनुसार शब्द सङ्केतमा विचलन हुन नहुने, साङ्केतिक भाषा शब्दकोश प्रयोग गर्ने बानी बसाल्नुपर्ने, शब्दकोशभित्र स्पष्ट साङ्केतिक चित्र राख्नुपर्ने उनको भनाइ छ।

गणित, विज्ञान र सामाजिक अध्ययनलगायतका विषयमा सङ्केत अत्यन्त कम भएको पाइन्छ। साङ्केतिक भाषालाई मात्र शिक्षण सिकाइको विधिका रूपमा ग्रहण गरिनु, दृश्य सामग्री तथा प्रविधिको प्रयोग र अनलाइन सिकाइ सामग्रीको प्रयोग गरी सिकाइ गर्ने परिपाटी पनि अत्यन्त न्यून देखिन्छ। नेपालमा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको शिक्षालाई अधिकारको रूपमा स्वीकार गरी सकिएको भए तापनि समाजमा उनीहरूलाई हेर्ने दृष्टिकोण, समावेशी शिक्षाका लागि आवश्यक पर्ने जनशक्ति र शिक्षक तयार नभएको तथा सिकाइ सहजीकरण गर्ने तत्परता र क्षमताको तथा अभाव भएकाले सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिले गुणस्तरीय शिक्षामा पहुँच पाउन सकेका छैनन्।

द्विभाषीय तथा फ्लिप सिकाइ पद्धतिको प्रयोग, साङ्केतिक भाषा तथा स्पर्श सङ्केतको विकासका लागि अनुसन्धान तथा मानक निर्धारण तथा समावेशी सिकाइको प्रयोगबाट सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको सिकाइमा सुधार गर्नुपर्ने देखिन्छ। नेपालले अनुमोदन गरेको अपाङ्गता अधिकार ऐनले साङ्केतिक भाषा सिकाउने, विकास गर्ने तथा व्यावसायिक दोभाषे उत्पादन गर्ने र बहिरा संस्कृतिको प्रवर्द्धन गर्ने उल्लेख गरेको छ।

नेपालमा २०३७ सालमा काठमाडौं बहिरा सङ्घ तत्कालीन बहिरा क्लबको स्थापनापछि साङ्केतिक भाषाको विकास हुन थालेको हो। शुरूमा इटालीका पर्यटकले वसुन्धारामा सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिको समूह देखेपछि सङ्गठित अभियान शुरू भएको र बहिरा समुदायका अग्रसरमा नै नेपाली साङ्केतिक भाषाको विकास हुन थालेको हो। विसं २०५२ मा पहिलो नेपाली साङ्केतिक भाषा शब्दकोषको प्रकाशन भएपछि हालसम्म सातौं प्रकाशन र चार हजार ७०० शब्द सङ्ग्रह भएको शब्दकोष प्रकाशन भएको छ। सरकारी तवरबाट साङ्केतिक भाषासम्बन्धी कुनै नीति नियम नबन्नु, साङ्केतिक भाषा विकासमा सम्बन्धित मन्त्रालय कुन भन्नेमा अझै अलमल हुनु, सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिमैत्री पाठ्यक्रम बन्न नसक्नु र शिक्षक तालीममा दाताको भर पर्नुपर्ने अवस्था रहेको महासङ्घका अध्यक्ष अधिकारीको गुनासो छ।

नेपालमा सुनाइसम्बन्धी अपाङ्गता भएका बालबालिकाको समुदायमा पहुँच र सिकाइमा सहभागिता कम देखिन्छ। सुनुवाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिमध्ये सुनाइसम्बन्धी अपाङ्गता भएका व्यक्ति तथा श्रवण दृष्टिविहीन बालबालिकाको सिकाइ आवश्यकता र सिक्ने शैली फरक–फरक हुने भएकाले शिक्षकले फरक–फरक सिकाइ विधि र प्रविधि, सिकाइ सामग्री तथा क्रियाकलाप प्रयोग गरी सिकाइ सहजीकरण गर्न सकेमा मात्र यस समुदायका बालबालिकाको पाठ्यक्रममा पहुँच भई पाठ्यक्रमले तोकेका उपलब्धि हासिल हुन सक्छ।

### नारायणगढ-मुग्लिन ...

देखिएकाले काममा अवरोध पुगेको ठेकेदार कम्पनी अनक कन्स्ट्रक्सनले बताउँदै आएको छ।

पहिलो सम्झौता अनुसार पुस ९ गते सम्झौता अवधि सकिएको छ। निर्माण कम्पनीले थप एक वर्षको समय माग गरेको छ।

प्रमुख जिल्ला अधिकारी आसमान तामाङले थप समय सवारी रोक्नुपर्ने आयोजनाले माग गरेको भएपनि टुङ्गो नलागेको बताए। स्थलगत निरीक्षण र छलफलपछि के कति समय थप गर्नुपर्ने निर्णय गरिने उनले बताए। सो सडकको चौडाइ नौदेखि ११ मिटरसम्म रहेकामा पुल साँघुरो भएपछि अहिले नयाँ निर्माण गरिएका पुल ११ मिटर फराकिलो बनाइएको छ।

# निस्सासिएर दुईजना भारतीय मजदूरको मृत्यु

प्रस, वीरगंज, २७ पुस/

निस्सासिएर दुईजना भारतीय मजदूरको बुधवार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

वीरगंज महानगरपालिका–२२ जगरनाथपुरस्थित त्रिपती ट्रेडिङ एन्ड सप्लायर्स कोइला डिपोमा निस्सासिएर भारत, बिहार, रक्सौल–७ बस्ने २९ वर्षीय पवित्र गिरी र डिपोका म्यानेजर ३० वर्षीय मिथलेश यादवको मृत्यु भएको जिप्रका, पर्साले जनाएको छ।

कोइला डिपोको रेखदेख गर्ने उनीहरू डिपोको एक तले पक्की भवनको कोठाभित्र झ्याल–ढोका बन्द गरी सुतेका थिए। बिहान १० बजे स्थानीय र प्रहरीले ढोका फोडेर भित्र प्रवेश गर्दा दुवैजना मृत अवस्थामा भेटिएका थिए। कोठाभित्र तगाडमा पत्थर कोइला बालेर झ्याल/ढोका बन्द गरी सुतेकामा अक्सिजनको कमी भई उनीहरूको निस्सासिएर मृत्यु भएको प्रहरीले जनाएको छ। मृतक दुवैजनाको शव नारायणी अस्पतालमा राखी अनुसन्धान भइरहेको जिप्रका, पर्साले जनाएको छ।

# सिगौलमा संरक्षित सूचीमा पर्ने अजिङ्गर फेला

प्रस, निजगढ, २७ पुस/

निजगढ नगरपालिका–१ सिगौलमा बुधवार अजिङ्गर फेला परेको छ। स्थानीय दीपक भनिने मोहनबहादुर खड्काको घरमा सो अजिङ्गर फेला परेको हो। नेपालको संरक्षित सूचीमा रहेको यस प्रजातिका अजिङ्गर लोपोन्मुख अवस्थामा रहेको पर्सा राष्ट्रिय निकुञ्ज, आधाभारका प्रमुख एंव वार्डेन डा अशोक रामले बताए।

तराईको चुरे पर्वतको माथिल्लो भागदेखि तराई–मधेसको वनजङ्गल, झाडी, बुट्यान, खेतबारीमा फेला पर्न सक्ने उनले बताए। नेपालमा इन्डियन पाइथन अर्थात् भारतीय अजिङ्गर र बर्मिस पाइथन अर्थात् बर्मेली अजिङ्गर पाइने तर यो लोपोन्मुख भएकोले नेपालको संरक्षित सूचीमा रहेको वार्डेन डा रामले बताए। नेपालमा करीब तीन सयको हाराहारीमा सर्पका प्रजातिमध्येको यो एक रहेको निकुञ्ज कार्यालय, बाराले जनाएको छ। घरमा अजिङ्गर देखेसँगै लामो समयदेखि सर्प प्रजातिहरूको उद्धार गर्दै आएका उद्धारकर्मी सिमराका शम्भु सिंह ठकुरीलाई खबर गरेपछि उनले यसलाई नियन्त्रणमा लिई उद्धार गरेका थिए।



संरक्षित यस प्रजातिको अजिङ्गरलाई चोट पुऱ्याए, ज्यान लिए र समाइ बिक्री गरे कडा कानूनी सजायको व्यवस्था रहेको पर्सा राष्ट्रिय निकुञ्ज प्रशासनले जनाएको छ। फेला परेको उक्त अजिङ्गर बर्मिस पाइथन अर्थात् बर्मेली अजिङ्गर रहेको हुन सक्ने अड्कल गरेको छ। यो अजिङ्गर विषालु नभए पनि घर, गोठमा पालेका हाँस, कुखुरा, पाठापाठी, खसी, बाख्रासम्मलाई निल्न सक्ने जनाइएको छ।

# मोटरसाइकलको ठक्करबाट महिलाको मृत्यु

प्रस, सिम्रौनगढ, २७ पुस/

सिम्रौनगढ–तामागढी सडकखण्डमा मङ्गलवार राति मोटरसाइकलले ठक्कर दिंदा पैदल हिंडिरहेकी एकजना महिलाको मृत्यु भएको छ।

मृत्यु हुनेमा स्थानीय ५८ वर्षीया ज्ञान्त्री चौधरी रहेको प्रहरीले जनाएको छ। कोल्हवीबाट बरोवातर्फ जाँदै गरेको मोटरसाइकलले ठक्कर दिंदा चौधरी गम्भीर घाइते भएकी थिइन्। उनलाई कोल्हवी अस्पतालबाट थप उपचारको लागि एसएल न्युरो अस्पताल पठाइएकोमा उपचारको क्रममा आज बिहान मृत्यु भएको थियो।

ठक्कर दिने मोटरसाइकल चालक २६ वर्षीय कुन्दन चौधरी पनि दुर्घटनामा घाइते भएका छन्। उनको तामागढी अस्पतालमा उपचार भइरहेको छ। प्रहरीले बा.२९प ७०१८ नम्बरको मोटरसाइकल नियन्त्रणमा लिई घटनाबारे अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।


## लिङ्ग छनोट गरी गर्भपतन गर्नु अपराध हो।

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो। त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरूत्साहित गरी चिकित्सा पेशालाई मर्यादित बनाऔं।
- विभेदरहित समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# पचासजनालाई न्यानो कपडा

प्रस, वीरगंज, २७ पुस/

साहिब दरबार सेवा संस्थानले वीरगंजमा खुला आकाशमा रात बिताउन बाध्य भएकाहरूका लागि न्यानो कपडा वितरण गर्ने अभियानलाई निरन्तरता दिएको छ। कठ्याङ्ग्रिदो चीसोमा पनि सडकपेटी र खुला आकाशमा रात बिताउन बाध्य भएकाहरूलाई चीसोबाट बचाउन न्यानो कपडा वितरण अभियानलाई निरन्तरता दिएको छ। संस्थानले हिजो पुस २६ गते मङ्गलवार राति वीरगंजका विभिन्न स्थानमा पुगेर सडकपेटीमा रात बिताइरहेकाहरूलाई न्यानो कपडा उपलब्ध गराएको थियो।

माईस्थान, घण्टाघर, आदर्शनगर, बसपार्क, छपकैया, बिर्ता, गण्डक, भन्सारलगायतका स्थानमा खुला आकाशमुनि र सडकपेटीमा सुतिरहेका करीब ५० जनालाई न्यानो कपडा उपलब्ध गराइएको संस्थानले जनाएको छ।

रिक्सा, ठेला चालक तथा विपन्न व्यक्तिहरू सडकपेटीमैं रात गुजार्न बाध्य व्यक्तिहरूको जीवनरक्षाका लागि न्यानो कपडा उपलब्ध गराइएको संस्थानका रूपेशमान सिंहले बताए।






# खेलकूदको संसार

## आर्मी सेमिफाइनलमा प्रवेश

काठमाडौं, २७ पुस/रासस

सातौं संस्करणको राष्ट्रिय महिला तथा पुरुष क्लब भलिबल च्याम्पियनशिप अन्तर्गत महिलातर्फको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले गण्डकी प्रदेशलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा आज भएको खेलमा आर्मीले गण्डकी प्रदेशलाई ३–० को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो। आर्मीले खेलको पहिलो सेट २५–११ ले जित्यो भने दोस्रो सेटमा २५–१० को जीत निकाल्यो। त्यस्तै, खेलको तेस्रो सेट २५–१५ ले आफ्नो पक्षमा पाऱ्यो।

यस जीतसँगै समूह 'बी'मा रहेको आर्मीले दुई खेलबाट छ अङ्क जोडेको छ। पराजित गण्डकीको भने यो लगातार दोस्रो हार हो।

त्यस्तै, महिलातर्फको समूह 'ए'बाट साबिक विजेता न्यू डायमन्ड युथ स्पोर्ट्स क्लब र नेपाल पुलिस क्लबले सेमिफाइनलको यात्रा तय गरिसकेका छन्। च्याम्पियनशिपमा महिलातर्फ आठ टोली सहभागी छन् भने पुरुषतर्फ १४ टोलीले सहभागिता जनाएका छन्।

च्याम्पियनशिपको महिला र पुरुषतर्फका विजेता टोलीले रु चार लाख पाउनेछन् भने उपविजेताले रु दुई लाख प्राप्त गर्नेछन्। त्यस्तै, तेस्रो हुने टोलीले रु एक लाख पाउनेछन्।

## लुम्बिनीले नेपाल टी–२० लिगको उपाधि जित्यो

काठमाडौं, २७ पुस/रासस

पहिलो संस्करणको नेपाल टी–२० लिगको उपाधि लुम्बिनी अल स्टार्सले हात पारेको छ। कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा आज भएको फाइनल खेलमा लुम्बिनीले विराटनगर सुपर किंग्सलाई २४ रनले पराजित गर्दै उपाधि हात पारेको हो। यस उपाधिसहित लुम्बिनीले रु ५५ लाख प्राप्त गरेको छ।

यसैगरी, उपविजेतामा चित्त बुझाएको विराटनगरले रु ३० लाख पायो। लुम्बिनीले दिएको १३४ रनको लक्ष्य पछ्याएको विराटनगरले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १०९ रन मात्र बनाउन सक्यो। विरानगरका लागि अर्जुन साउदले सर्वाधिक ३४ रन बनाए भने पृथु बाँस्कोटाले २३ रन जोडे। त्यस्तै, हुसेन तालतले १३ रन बनाए।

विराटनगरले १०९ रन समेट्ने क्रममा लुम्बिनीका सागर ढकाल र हरमित सिंहले समान दुई/दुई विकेट लिए भने किशोर महतो र विपुल शर्माले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ राजेको लुम्बिनीले १९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै १३३ रन बनाएको थियो। लुम्बिनीका लागि लाहिरु मिलन्थाले सर्वाधिक ४१ रन जोडे भने हरमित सिंहले ३० रन बनाए। कप्तान दीपेन्द्रसिंह ऐरीले २० तथा इशान पाण्डेले १६ रन बनाए।

विरानगरका नन्दन यादव र राज नाननले समान दुई/दुई विकेट लिए भने सूर्य तामाङ, कप्तान रोहितकुमार पौडेल, हुसेन तालत र किओन जोसेफले समान एक/एक विकेट लिए। प्रतियोगितामा जनकपुर रोयल्स तेस्रो भयो। उसले रु १० लाख पायो। त्यस्तै, काठमाडौं नाइट्स चौथो भयो। काठमाडौंले रु पाँच लाख पायो।

यही पुस ९ गतेदेखि शुरू भएको प्रतियोगितामा काठमाडौं नाइट्स, जनकपुर रोयल्स, लुम्बिनी अल स्टार्स, फार वेस्ट युनाइटेड, विराटनगर सुपर किंग्स र पोखरा एभेन्जर्स गरी छ टोलीको सहभागिता थियो।

# हिमालयन डिस्टिलरीको २२औं साधारणसभा

प्रस, वीरगंज, २७ पुस/

हिमालयन डिस्टिलरी प्रालिको २२औं साधारणसभा बुधवार सम्पन्न भएको छ।



तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका–२१ लिपनीबिर्तामा रहेको कार्यालयमा आव २०७८/७९ को आय–व्यय सञ्चालक समितिका अध्यक्ष अखिलेश्वरप्रसाद सिंहले प्रस्तुत गरेका थिए।

साधारणसभामा छजना सञ्चालक समिति सदस्यमध्ये एकजना सञ्चालक बिरामी रहेकाले पाँचजनाको उपस्थिति रहेको जानकारी गराइएको थियो।

साधारणसभाले नगद लाभांश १० प्रतिशत तथा बोनस शेयर ६० प्रतिशत दिने निर्णय गरेको जानकारी गराइएको थियो।

कार्यक्रममा अध्यक्ष सिंहले हाल कायम चुक्ता पूँजीको १० प्रतिशतले हुने नगद लाभांश रु १५ करोड १८ लाख ४७ हजार वितरण गरिने बताए। उनले चुक्ता पूँजीको ६० प्रतिशत (कायम १० शेयरमा ६ बोनस)का दरले हुने रु ९१ करोड १० लाख ८७ हजार बराबरको बोनस शेयर वितरण गर्ने बताए।

अध्यक्ष सिंहले कम्पनीको साबिक अधिकृत पूँजी रु एक अर्ब ६० करोड बाट वृद्धि गरी दुई अर्ब ५० करोड गर्ने र बोनस शेयर वितरणबाट साबिकको चुक्ता पूँजी रु एक खर्ब ५१ करोड ८४ लाख ७९ हजारलाई वृद्धि गरी दुई अर्ब ४२ करोड ९५ लाख ६६ हजार गर्ने हुनाले सो अनुसार कम्पनीको प्रबन्धपत्रको दफा ५ (क), (ख), (ग) तथा नियमावलीको नियम ५ (क), (ख), (घ) र (ङ)मा संशोधन हुने बताए।

साधारणसभामा शेयर सदस्य सङ्ख्याको ७४ प्रतिशतको उपस्थिति रहेको कार्यालयका कम्पनी सचिव निशा निरौलाले जानकारी गराएकी थिइन्।

# बालीमा लाग्ने रोग र उपचारबारे शिविर




नरेश यादव, पर्सागढी, २७ पुस/

पर्सागढी नगरपालिका–३ स्थित सुनाखरी कृषि सहकारी संस्था झुलीटारमा बाली स्वास्थ्य उपचार शिविर सम्पन्न भएको छ।

कृषि ज्ञान केन्द्र, वीरगंजको पहलमा बाली संरक्षण प्रयोगशाला मधेस प्रदेश सिराहाले आयोजना गरेको शिविरमा मकै, गहुँ, धान, केरा आदि बालीमा लाग्ने रोग र त्यसको समाधानबारे कृषकहरूलाई जानकारी गराइएको थियो।

बाली संरक्षण प्रयोगशाला सिराहाका प्रमुख मोहन महतोले कृषकहरूलाई बालीमा लाग्ने रोग र सोको उपचारबारे सल्लाह दिनुका साथै ६० जनालाई निश्शुल्क औषधि वितरण गरेका थिए।

शिविरमा कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख मुनीलाल प्रसाद, बाली संरक्षण प्रयोगशाला सिराहाका अधिकृत मिश्रीलाल यादव, बाली अधिकृत सुरेश चौरसिया, कुशेश्वर प्रसादलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण संस्थाका सचिव दीपेश नेपाल (अर्जुन)ले गरेका थिए।

## राष्ट्रिय एकता दिवस ...

नेपाल, नारायणीका संयोजक नन्दकिशोर गोयलको अध्यक्षतामा आयोजित कार्यक्रममा हिन्दू युवा सङ्घ नेपालका अध्यक्ष राजेश सिंह, समाजसेवी उषा शाहलगायतले पृथ्वीनारायण शाहको जीवनीबारे चर्चा गरेका थिए।

कार्यक्रममा राष्ट्रिय सरोकार मञ्च नेपाल, नारायणीका केन्द्रीय संयोजक सोम विक्रम सिंह, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल शाह, सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेत, राष्ट्रिय अनुसन्धान कार्यालय पर्साका ललित चौधरीलगायतको सहभागिता थियो।

कार्यक्रममा ५० जना महिला तथा पुरुषलाई कम्बल वितरण गरिएको थियो। कार्यक्रममा महेशचन्द्र गौतमले स्वागत र वीरेन्द्र साहले सहजीकरण गरेका थिए।

यसैगरी, बडामहाराजाधिराज शाहको जन्मजयन्तीको अवसरमा नेपाल राष्ट्रवाद सङ्घ, पर्साले घण्टाघरबाट शुभकामना ऱ्याली निकालेको थियो। नगरपरिक्रमा गरी ऱ्याली घण्टाघरमा कोणसभामा परिणत भयो। कोणसभामा जिल्ला अध्यक्ष सङ्गीतादेवी साह, उमाशङ्करप्रसाद कलवार, राजेन्द्र पाल, बजरङ्गी साह, पृथ्वी साह, सन्तोष गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए।

यसैगरी, राष्ट्रभक्त देशभक्त समूहले बडामहाराजाधिराज शाहको जन्मजयन्तीको अवसरमा महावीरस्थानमा कार्यक्रम गरेको थियो।

समूहका अध्यक्ष दीपेन्द्र रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष राजकिशोर चौबे, जिल्लाध्यक्ष सतीश श्रीवास्तव, जिविस, पर्साका पूर्वसभापति शम्भु चौरसिया, समाजसेवी पशुपति विक्रम शाह, उषा शाह, हीराबहादुर चन्द, सतार अन्सारी, वीरेन्द्र थापालगायतले मन्तव्य व्यक्त गरेका थिए।